खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन् ।
त्यसैले,
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक १० गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 October 26 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६४

## स्वास्थ्य चौकीहरूमा औषधि अभाव, सेवाग्राहीलाई समस्या

प्रस, पर्सागढी, ९ कात्तिक/
स्वास्थ्य चौकीहरूमा औषधि अभाव भएको छ । वीरगंज महानगरपालिका अन्तर्गत वडा नं ३१ र ३२ तथा बहुदरमाई नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा अहिले औषधि अभाव भएको छ ।



स्वास्थ्य चौकी बिरुवागुठी । तस्वीरः प्रतीक

वीरगंज महानगर–३१ का अध्यक्ष जीतेन्द्र यादवले स्वास्थ्य चौकीमा औषधि अभाव भएको बताए । उनले महानगरले पर्याप्त मात्रामा औषधि उपलब्ध नगराउँदा स्वास्थ्य चौकीमा आउने बिरामीहरूलाई आवश्यकता अनुसारको औषधि उपलब्ध गराउन नसकिएको बताए ।

वडा नं ३२ का अध्यक्ष रेयाज अन्सारीले पनि आफ्नो वडामा रहेको स्वास्थ्य चौकीमा औषधि अभाव भएको बताए । उनले पनि महानगरले पर्याप्त मात्रामा औषधि उपलब्ध नगराउँदा अभाव भएको बताए ।

बहुदरमाई नपा अन्तर्गतका स्वास्थ्य चौकीहरूमा पनि औषधि अभाव भएको छ । लामो समयसम्म नगरसभा नभएर बजेट पारित नहुँदा औषधि खरीद प्रक्रिया प्रभावित भएर औषधि अभाव भएको लेखापाल हरि पटेलले बताए । उनले कात्तिक ८ गते नगरसभा सम्पन्न भएको र अब खाता सञ्चालन गरी बजेट कार्यान्वयनमा आएपछि औषधि खरीद गरी स्वास्थ्य चौकीहरूमा पठाउने बताए ।

औषधि अभाव हुँदा सेवाग्राहीहरूलाई मर्का परिरहेको छ । सरकारले सयभन्दा बढी थरीका औषधिहरू स्वास्थ्य चौकीबाट निश्शुल्क पाउने व्यवस्था गरेको छ । पालिकाहरूले नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेर काम गर्ने र सोही अनुसार बजेट कार्यान्वयन गर्ने घोषणा गर्दै आए पनि असार १० गतेसम्म नगर/गाउँ सभा गर्न नसकेको र खाता सञ्चालन गर्न निकै ढिला हुँदा थुप्रै पालिकाका स्वास्थ्य चौकीहरूमा औषधि अभाव भएको हो । नगर/गाउँ सभा गरेका पालिकाहरूमा पनि औषधि अभाव भएको छ । उनीहरूले बजेट विनियोजनको सूची मन्त्रालयमा नबुझाउँदा खाता सञ्चालनमा आउन सकेको थिएन । असोजदेखि पालिकाहरूको खाता सञ्चालनमा आउन शुरू भएको र अहिले औषधि खरीदमा ढिला हुँदा पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा औषधि अभाव भएको हो ।

पर्सागढीमा औषधि अभाव नभएको स्वास्थ्य चौकीकी अहेब श्वेता श्रेष्ठले बताइन् । उनले नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरूमा औषधि आवश्यक मात्रामा उपलब्ध रहेको र सेवाग्राहीलाई उपलब्ध गराउँदै आएको बताइन् ।

## डुबान क्षेत्रका ७० बिघा धानखेती नष्ट

प्रस, वीरगंज, ९ कात्तिक/
वीरगंज महानगरपालिका–२०, २४ र २६ वडामा वर्षाको पानी एक महीनासम्म निकास नहुँदा सो क्षेत्रका ७० बिघाभन्दा बढी धानखेती नष्ट भएको छ ।


तस्वीरः फाइल

वडाध्यक्ष शम्भु मिश्रले असोज ११ र १२ गतेको अविरल वर्षाबाट हरपतगंज, बहुअरी र सुगौलीका वडाहरू डुबानमा परेका थिए । वर्षाको पानीको निकास वडा नं १७ अलौंबाट हुने गरेकोमा यसपटक वर्षाको पानीको निकास थुनिएपछि सो क्षेत्रका ७० बिघाभन्दा बढी धानखेती नष्ट भएको वडाध्यक्ष मिश्रले बताए । उनले धानखेती नष्ट भएपनि आगामी दिनमा हुने गहुँ र रबीबालीलाई पानीको निकास भएसँगै फाइदा पुग्ने बताए ।

नगरप्रमुख राजेशमान सिंहले डुबान क्षेत्रको निकासको लागि असोज १९ गतेदेखि प्रयास गरेका थिए तर अलौंवासीले हरपतगंज, बहुअरी र सुगौलीको पानी आफ्नो वडाबाट निकास हुँदा घर, खेत डुबानमा परेको भन्दै निकास बन्द गरेका थिए । सोही विषयलाई लिएर असोज २१ गते नगरप्रमुख र स्थानीयबीच विवाद भएको थियो । कात्तिक २ गते नगरप्रमुख, स्थानीय प्रहरी प्रशासनका प्रमुखहरू घटनास्थलमा पुगेर तीनवटा वडालाई डुबानमुक्त गर्न पानीको निकास गरेका थिए । वडाध्यक्ष मिश्रले अलौंका दुई स्थान हरपतगंज र सुगौलीबाट तीन/तीन वटा ह्युमपाइप लगाएर पानीको निकास गरिएको र हिजो बिहीवारदेखि डुबानयुक्त क्षेत्र डुबानमुक्त भएको बताए ।

## पर्सागढीका सुकुमबासी अतिक्रमणमैं बस्न बाध्य

नरेश यादव, पर्सागढी, ९ कात्तिक/
पर्सागढी नपा अन्तर्गतका वन क्षेत्रको अतिक्रमण हटाउन सकिएको छैन । डिभिजन वन कार्यालय, पर्साले अतिक्रमित क्षेत्रको नापजाँच गर्ने तर यकीन गर्न नसक्दा अहिलेसम्म यहाँको वन क्षेत्र अतिक्रमणमुक्त हुन नसकेको हो ।


तस्वीरः प्रतीक

डिभिजन वन कार्यालय, पर्साका अनुसार जिल्लाभरि २१६ हेक्टर वन क्षेत्र अतिक्रमणमा परेकामा अहिलेसम्म पाँच हेक्टर वन क्षेत्र मात्र अतिक्रमणमुक्त गरिएको छ । सबैया साझेदारी वन उपभोक्ता समितिले यसअघि पर्सागढी र वीरगंज महानगरका केही वडामा पर्ने वन क्षेत्रबाट अतिक्रमण हटाउने प्रयास गरेको थियो ।

करीब दुई सय बिघा वन क्षेत्र अतिक्रमणमुक्त गरिए पनि अहिले ती क्षेत्रहरू पुनः अतिक्रमणको शिकार भएका छन् । वीरगंज महानगर–३२ रामवनदेखि पर्सागढी नगरपालिका–३ को झबराहा, बडनिहार, सृजनटोल, औरैया, कटानी तथा वडा नं ४ को परशुरामपुर, सबैयाटाँडीमा वन क्षेत्र अतिक्रमण गरेर बस्ती बसेर खेतीपाती गरिँदै आएको छ ।

यही क्षेत्रका मानिसहरूलाई भोगको प्रमाणपत्र दिनको लागि भूमि आयोगले प्रयास गरेको थियो । पटकपटक सुकुमबासीहरूलाई जग्गा प्रदान गर्नको लागि भूमि आयोग बनेसँगै नापजाँच हुने तर निस्सा प्रमाण वितरण कार्य हुन सकेको छैन । यसपटक भूमि आयोगले जग्गाको निस्सा दिने यहाँका सुकुमबासीहरूले आशा गरेका थिए तर निस्सा प्रमाण नदिंदै भूमि आयोग खारेज भएको छ ।

डिभिजन वन कार्यालय, पर्साका प्रमुख मन्जुर आलमले आफू भर्खरै जिल्लामा आएको र यसबारे बुझ्ने कार्य गरिरहेको बताए । अतिक्रमण क्षेत्र खाली गराउनेतर्फ अध्ययन गरेर काम गर्ने उनले जानकारी गराए ।

## कैलाली क्याम्पसका प्राध्यापकहरू वीरगंजमा

प्रस, परवानीपुर, ९ कात्तिक/
सुदूरपश्चिम विश्वविद्यालय अन्तर्गतको कैलाली बहुमुखी क्याम्पसका प्राध्यापकहरूको टोली वीरगंज आएको छ । विश्वविद्यालय अनुदान आयोगलाई शोध गरेर प्रतिवेदन बुझाउन सुझाव सङ्कलनका निम्ति सुदूरपश्चिम, लुम्बिनी, गण्डकी, बाग्मती, कोशीपछि मधेस प्रदेशको वीरगंजमा टोली सुझाव सङ्कलन गर्न आएको छ ।



तस्वीरः प्रतीक

वीरगंज उद्योग वाणिज्य सङ्घको सभाहलमा आयोजित अन्तर्क्रियामा टोलीले सङ्घीयताका विभिन्न आयाम र तीनवटै सरकारको बजेट विनियोजन, राजस्व सङ्कलन, खर्च अनुपात, कार्यपालिकाहरूको भूमिकालगायत विषयमा छलफल गरेको थियो ।

कार्यक्रममा कैलाली बहुमुखी क्याम्पसका प्राडा राजेन्द्रविक्रम चन्दले पछिल्लो समय सरकारले विनियोजन गर्ने बजेट पूर्णरूपमा खर्च नहुने गरेको, सङ्घीयताले आर्थिक बोझ बढाएको, प्रदेश सरकार र स्थानीय सरकारले स्थानीयस्तरमा राजस्वको दायरा बढाउन नसकेको, कृषि क्षेत्रको आधुनिकीकरण नगरेको र रोजगारका नयाँ क्षेत्र खोज्न नसकेको बताएका थिए ।

वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष हरि गौतमले सङ्घीयतालाई खारेज गरी प्रदेशलाई फाल्नुपर्ने सोच हटाएर जे छ त्यसैलाई सुधार गरी पाँच वर्षको लागि स्थायी सरकार निर्माण गर्नको लागि चुनावी प्रणालीमा फेरबदल गर्नुपर्ने बताए । उनले केन्द्र सरकारले सुशासन र भ्रष्टाचार न्यूनीकरण गरी जनता र निजी क्षेत्रको लागि उदार बने मात्रै चारैतिर सङ्घीयताको सकारात्मक असर पर्ने बताए ।

वीउवासङ्घका सहसचिव नीरज अग्रवालले नेपाल–भारत खुला सिमानाको कारण ६० प्रतिशत मालसामान अवैध बाटोबाट नेपाल भित्रिरहेको बताए । उनले सीमा व्यवस्थित गर्दै नेपालमा सस्तो मूल्यमा मालसामान बिक्री वितरण गर्न भारतमा जस्तो जिएसटी कर प्रणाली लागू गर्नुपर्ने बताए ।

वीरगंज कलेजका सञ्चालक विनोद गुप्ताले सङ्घीय सरकारले नै सङ्घीयता दिगो बनाउन नसकेको आरोप लगाए । उनले मानव सूचकाङ्कमा मधेस र कर्णाली प्रदेशको अवस्था समान भएपनि सङ्घीय सरकारले वैदेशिक अनुदानको ४३ प्रतिशत रकम बागमती प्रदेशमा मात्रै खर्च गरिरहेको बताए । यो कुन सिद्धान्तमा बजेट वितरण भइरहेको छ र यसको उद्देश्य के हो ? केन्द्र सरकारले स्पष्ट पार्न नसकेको उनले बताए । सङ्घीयता आए तापनि सङ्घीय प्रहरी ऐन, शिक्षा ऐन, निजामती ऐनलगायत नआउँदा प्रदेश सरकार पङ्गु भएर जनमानसमा सङ्घीयताविरोधी भ्रम फैलिएको उनले बताए । केन्द्र सरकारले बजेट विनियोजनमा हरेक वर्ष मधेस प्रदेशलाई कम बजेट दिने गरेको चर्चा गर्दै उनले जबसम्म केन्द्र सरकारले चाहँदैन, तबसम्म सङ्घीयता सफल नहुने बताए ।

कार्यक्रममा वीरगंज कलेजका अध्यक्ष डा दीपेन्द्र चौधरीले नेपालको कुल बजेटको ६७ प्रतिशत राजस्व सङ्कलनबाट, ३० प्रतिशत वैदेशिक ऋणबाट र तीन प्रतिशत वैदेशिक अनुदानबाट पूर्ति भएपनि सोचे अनुसार राजस्व सङ्कलन नहुँदा हरेक वर्षको बजेट अनुमान असफल भइरहेको बताए । उनले जिडिपी वृद्धिमा पनि ह्रास आइरहेको बताए । उनले नेपालको आव २०७१/७२ को बजेटभन्दा सङ्घीयता आइसकेपछि आव २०७५/७६ को बजेट २८ गुणाले बढेको बताए । उनले अहिले कर्मचारीहरूलाई तलबभत्ता खुवाउन समस्या भइरहेका बेला विकास योजनाहरू पूर्णरूपमा सञ्चालनमा नआउने बताए । उनले समग्रमा सङ्घीयताले देशमा आर्थिक भार थपेको बताए ।

वीउवासङ्घका अध्यक्ष अनिलकुमार अग्रवालको अध्यक्षता एवं कार्यकारी सचिव सुनीलकुमार कण्ठको सहजीकरणमा भएको कार्यक्रममा उपाध्यक्ष मनोज दास, महासचिव आशिष लाठ, कैलाली बहुमुखी क्याम्पसका डा शिवप्रसाद सापकोटा, दीपकराज पन्तलगायतको सहभागिता थियो ।

## लोकनृत्य प्रतिस्पर्धामा यी विद्यालयले मारे बाजी

प्रस, परवानीपुर, ९ कात्तिक/
प्याब्सनद्वारा आयोजित अन्तरविद्यालय लोकनृत्य प्रतियोगिता सम्पन्न भएको छ । प्याब्सन पर्सा एवं वीरगंज महानगर कमिटीको आयोजनामा प्याब्सन आबद्ध अन्तरविद्यालय लोकनृत्य प्रतियोगिताको उद्घाटन वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले गरेका थिए ।



तस्वीरः प्रतीक

कार्यक्रममा नगरप्रमुख सिंहले लोप हुँदै गइरहेका लोकसंस्कृतिको जगेर्नाको लागि निजी विद्यालयहरूको यस्तो प्रयासको प्रशंसा गरे । उनले आगामी दिनमा पनि निजी विद्यालयहरूको भूमिका अहम् हुनुपर्नेमा जोड दिए ।

प्रतियोगितामा वीरगंजको साउथजोन मावि प्रथम, लिटिल फ्लावर स्कूल परवानीपुर द्वितीय, मनकामना मावि तृतीय, मूनलाइट मावि चौथो र जीवनज्योति एवं गौतम मावि पाँचौं स्थानमा रहेका थिए ।

प्रतियोगितामा तराई, पहाड, हिमालमा विभिन्न वर्ग समुदायले चाडपर्वको बेला नाच्ने, गाउने लोक गीतसङ्गीत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा हिमाली समुदायको लोकनाथ, थारू समुदायको लठी, सखिया नाच, सन्थाल समुदायको नाच, राई जातिको साकेला, झिझिया, गुरुङ

(बाँकी पाँचौं पातामा)

## विचारसार र सूक्तिहरू

**बाँच्नु भनेको दु:ख पाउनु हो, दीर्घ जीवन पाउनु भनेको दु:खको केही अर्थ बुझ्नु हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# खोइ जनता जनार्दन

**हाम्रो मुलुकमा सङ्घीय लोकतान्त्रिक व्यवस्था छ । यस व्यवस्थामा नागरिक सर्वेसर्वा हो । सत्ताको साँचो कुन दललाई सुम्पने, को ठीक, को बेठीक छुटयाउने र आवधिक चुनावमार्फत कारबाई वा पुरस्कृत गर्ने अधिकार बालिग नागरिकलाई छ । तर आफ्नो काम, कर्तव्य, अधिकार तथा शक्तिबारे नागरिक सचेत छैनन् । राणाकाल, पञ्चायतकाल र बहुदलीय शासन प्रणालीमा अभ्यस्त हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा आइपुग्दा, लामो यात्राको यात्री जस्तै भएका छन् । गन्तव्यमा पुगिसक्दा पनि यात्राको दङ्दडीले छाडेको छैन । पुरानो व्यवस्थामा शासकहरू सर्वेसर्वा हुन्थे, नागरिक उनीहरूको शरणमा पर्थे । तत्कालीन व्यवस्थाका भुरे, टाकुरेहरू पनि सर्वसाधारणको गाउँटोलमा आफूलाई शक्तिसम्पन्न देखाउँथे । तत्कालीन व्यवस्थाका साना नेता वा कार्यकर्ताले समेत आफूलाई मन नपरेका व्यक्तिविरुद्ध विभिन्न षडचन्त्र गर्थे । व्यवस्था विरोधी, देशद्रोही, अराष्ट्रिय तत्त्व, आतङ्ककारी, समय अनुसार विभिन्न उपमा दिएर सताइन्थ्यो । मर्नुभन्दा बहुलाउन निको भनेझैं सताइनु, दु:ख पाउनुभन्दा शरण पर्नै बेस ठानेर व्यवस्था पक्षधर कुनै न कुनै नेताको पछि लाग्न नागरिक बाध्य थिए । हो, त्यही लय अझै पनि नेपाली नागरिकको मनस्थितिबाट हटिसकेको छैन ।**

**लोकतान्त्रिक प्रणालीमा नागरिकको भूमिका र पार्टी कार्यकर्ताको मनोविज्ञान नितान्त फरक कुरा हुन् । नागरिक जनता जनार्दनको भूमिकामा रहेर राजनीतिका हरेक पक्षबारे जानकारी राख्दै लेखाजोखा गरिरहेका हुन्छन् । राजनीतिलाई पेशा बनाएका सीमित व्यक्ति राजनीतिक दलका कार्यकर्ताको रूपमा लागेका हुन्छन् । कुनै दल बिग्रँदा वा सप्रँदा त्यस्ता पेशेवर कार्यकर्ताहरूको भविष्य सङ्कटमा पर्न सक्छ तर निष्पक्ष नागरिकलाई भने कुनै फरक पर्दैन । निष्पक्ष नागरिकले त बिग्रेको दलको विकल्पमा अर्को दललाई आवधिक चुनावमार्फत अगाडि सार्ने हो । हाम्रो मुलुकका नागरिक जनता जनार्दनको भूमिकामा थोरै छन् । यहाँ पार्टीका कार्यकर्ता, त्यहाँभन्दा तल झरेर हनुमान, झोले, दास र अन्धभक्तको भूमिकामा धेरै छन् । पार्टीप्रतिको निष्ठा र भक्तिभावले नागरिकको विवेक र सोच निष्पक्ष हुन सक्दैन । आफ्ना पार्टीका नेताहरूका गलती र कमजोरी पनि सही देख्न थाल्छन् र पार्टी बचाउने नाममा कुनै पनि असत्य तर्क गर्न पछि पर्दैनन् ।**

**जनता जनार्दन नै पार्टी कार्यकर्ताको भूमिकामा उत्रिएपछि यसले जनअपेक्षा र लोकतान्त्रिक सिद्धान्तहरू धूमिल पर्न जान्छ । पार्टीका नेता, कार्यकर्तालाई मुलुकको आवश्यकता अनुसार सही मार्गनिर्देश गर्ने, जिम्मेवार बनाउने काम निष्पक्ष नागरिक अर्थात् जनता जनार्दनको हो । यहाँ निष्पक्ष नागरिक नै नरहेपछि दल भड्खाँलोमा जाकिनु स्वाभाविक छ । लोकतन्त्रका हिमायती दलहरू गलत बाटोमा गयो भने व्यवस्थाप्रति वितृष्णा जाग्न सक्छ । यसले 'लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो' भन्ने तथ्यलाई बिर्सिएर निरङ्कुशतातर्फ मोडिने खतरा हुन्छ । लोकतन्त्र प्राप्तिपछि निरङ्कुशताको भूमरीमा फसेका मुलुकहरू विश्वमा धेरै छन् । लोकतान्त्रिक विधिबाटै निरङ्कुश शासक जन्मेका उदाहरणहरू पनि छन् । निष्पक्ष नागरिक, न्यायमूर्ति अर्थात् जनता जनार्दनको भूमिकाभन्दा पनि पार्टी कार्यकर्ता, झोले, हनुमान र दासहरू धेरै जन्मेपछि कमिलाको पखेटा पलाएजस्तै लोकतान्त्रिक नेतृत्वमा पनि निरङ्कुशतामा परिणत हुन [redacted]**

# हाम्रा चाडपर्वहरूमा सुधारको आवश्यकता

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी

**सरकारले स्थायित्व प्राप्त नगर्दा एउटै कार्यकालमा पटकपटक सरकार बदलिराख्दा बजारको अनुगमन प्रभावित हुन जान्छ । यसले गर्दा बजारमा उपभोक्ता ठगिने र व्यापारी मोटाउने प्रक्रिया तीव्र हुन पुग्छ । राजनीतिक स्थायित्व नहुनु पनि एउटा विकृति नै हो ।**

हिन्दूहरूको घर आँगनबाट भर्खरै महान् भनिएको दशैं पर्व बिदा भएको छ। पर्वते समाजमा एउटा उखान छ – आयो दशैं ढोल बजाई, गयो दशैं ऋण बोकाई ।

यो उखान यतिकै प्रचलनमा आएको होइन । वास्तवमा प्रत्येक चाडबाडमा नेपालीहरूले थप ऋणको भार बोक्ने गर्दछन् । चाडबाड आउनुपूर्व नेपाली बजारमा कृत्रिम अभाव सृजना भई आवश्यक सामग्रीहरूको भाउमा अचानक वृद्धि हुन्छ। यो क्रम चाडबाड सकिएपछि फेरि एकचोटी दोहोरिन्छ। आखिर यस्तो किन हुन्छ ? किन हाम्रा चाडपर्वहरू महँगीको पर्यायवाची बनेका ? के साँच्चीकै हाम्रा चाडपर्वभित्र मौलिकता हराउँदै गएको र विकृतिहरू हटाउनै नसक्नेगरी थुप्रिँदै गएका हुन् त ?

**१. व्यवसायीकरण :**

चाडपर्वको महीनाहरूलाई छोडिदिने हो भने बाह्रै महीना व्यापार बिजनेसमा लागेका व्यापारीहरूले भन्ने गरेको एउटा कुरा हामी सबैले सुनेको दशकौं भइसक्यो। त्यो के हो भने व्यापारधन्दा चौपट भयो। घरभाडा तिर्न पनि धौधौ भयो । व्यवसायमा खटेका कर्मचारीलाई तलब समेत खुवाउन सकिंदैन । कसरी उभो लाग्ने हो ? कहिलेबाट लाग्ने हो ? भोलिभोलि भन्दा दशकौं बित्यो तर आजसम्म सुधारको लक्षण देखिएन । यस प्रकारको संवाद हामी सबैले शहर बजारमा सुन्दै आएका छौं । हाम्रो लागि यो नौलो कुरा रहेन। तर जब चाडबाड आउँछ अनि व्यापारीहरूको अनुहारमा एक खालको चमक पैदा हुन्छ । यही बेला हो जति लुट्न सकिन्छ जनतालाई लुट। दाम बढाएर लुट, मिसावट गरेर लुट, कम तौलेर लुट, म्याद सकिएको सामग्री बिक्री गरेर लुट। लुट ! लुट !! लुट !!! जसरी सक्छौ सबैलाई छ छुट, यही बेला हो मचाऊ लुट ! आखिर यस्तो मनोविज्ञान किन बन्दै आयो त ?

बीसौं वर्षदेखि चाडपर्वहरू व्यापारको ठूलो साधन बनेका छन् । तीज, दशैं, दीपावलीजस्ता चाडहरूको मूल मर्मभन्दा पनि बजारमा हुने कारोबार, महँगो कपडा, गहना र महँगा उपहारको चर्चा बढी हुन्छ। यसले चाडपर्वको आध्यात्मिक र सांस्कृतिक पक्षलाई ओझेलमा पार्दै माटो र व्यावहारिकताको स्थानमा प्रदर्शनको संस्कृति स्थापित गरिरहेको छ। यतिबेलै धार्मिक कथावाचकहरू आउँछन्। होम–यज्ञ गर्न आइपुग्छन् र करोडौं लुटेर लैजान्छन्। कुनै बेला धर्म सेवा भनिन्थ्यो। तर यति बेला सबै धर्म व्यापारमा सीमित हुन पुगेको छ। यो सबैले सजिलै अनुभूति गरिरहेका छन् ।

**२. आधुनिक जीवनशैली :**

यति बेला २१औं शताब्दीको युग हो। ज्ञान र प्रविधिको युगमा यति बेलाको समाज अन्धविश्वासमुक्त हुनुपर्ने हो । मानववादी र प्रकृतिमैत्री समाज हुनुपर्ने हो । तर यसको ठीक उल्टो दिशामा हाम्रो समाजलाई अगाडि बढाउन यथास्थितिवादीहरू लागिपरेका छन् । जसले गर्दा अझै पनि समाजमा अन्धविश्वास र रुढिवाद जरा गाडेर बसेको छ। मानिसहरूलाई सबै कुरामा देखावा गर्नुपरेको छ। आवश्यकताभन्दा पनि उपभोक्तावादी चिन्तन हाबी छ । आवश्यकतै नभए पनि नयाँ डिजाइन, न्यू भर्जन र नयाँ फेसनकै लागि अनावश्यक चीजहरू किन्नुपरेको छ । यसले एकातिर सामाजिक, आर्थिक तथा सांस्कृतिकरूपमा निकै ठूलो विकृति ल्याइरहेको छ भने अर्कातिर उपभोक्तावादी चिन्तन ठूलो सामाजिक समस्याको रूपमा उभिएको छ। भन्नलाई आधुनिक भन्ने तर अन्धविश्वासबाट रत्तिभर नतर्किने आधुनिक जीवनशैली र उपभोगवादी सोचले गर्दा मानिसहरू चाडपर्वलाई सामाजिक प्रतिष्ठा देखाउने माध्यमको रूपमा उपयोग गर्न थालेका छन्। यसले परम्परागत रीतिरिवाज र सांस्कृतिक मूल्यहरू कमजोर पारेको छ, जसले चाडपर्वलाई कृत्रिम र औपचारिक मात्र बनाएको छ। साँच्चीकै नढाँटिकन भन्ने हो भने अब त चाडपर्व आउन थालेपछि व्यापारीहरूको अनुहार चम्किलो भए पनि चाडपर्व मनाउनेहरूको अनुहार मलिनो हुन थाल्छ । यही आजको वास्तविकता हो ।

**३. सामाजिक मिडिया र देखावट :**

विज्ञान र प्रविधिमा यति बेला सर्वसाधारणको राम्रो पहुँच भएको देखिन्छ । यो विकासको दृष्टिकोणले सकारात्मक कुरा हो । तर विज्ञान र प्रविधिलाई सर्वसाधारणले सदुपयोग गर्नुभन्दा धेरैजसो दुरुपयोग गरेको देखिन्छ। बाटोमा एक्सिडेन्ट भएर मान्छे मर्न लागेको छ तिनलाई अस्पताल लग्नु भन्दा तिमीसँग सेल्फी खिच्ने वा तिनको भिडियो बनाएर सामाजिक सञ्जालमा राख्ने हतार भइराखेको संस्कृति बढी मौलाएको देखिन्छ। सामाजिक मिडियाको यो सरासर दुरुपयोग हो । यस्तो हुनु दु:खद हो ।

वास्तवमा फेसबूक, इन्स्टाग्राम, टिकटकजस्ता सामाजिक सञ्जालहरूले चाडपर्वलाई झनै बाहिरी देखावटमा सीमित बनाएको छ । मानिसहरू यस्ता प्लेटफर्महरूमा आफ्नो जीवनशैली प्रदर्शन गर्नलाई बढी प्राथमिकता दिन थालेका छन्, जसले गर्दा चाडको भावनात्मक र सांस्कृतिक पक्ष ओझेलमा परेको छ ।

**४. संस्कृति र परम्परा बिर्सेको पुस्ता:**

चाडपर्वहरूमा धेरैजसो सामाजिक सञ्जालको प्रयोगले गर्दा चाडपर्वको मूल मर्म एकातिर तथा देखावा र तडकभडक अर्कोतिर हुन गएको देखिन्छ । पहिले पहिले गाउँमा चाडपर्वमा मानिसहरू एक आपसमा भेटघाट गर्ने गर्थे । तर यति बेला सबै मोबाइलमैं व्यस्त रहन्छन्, कसैलाई भेटघाट गर्ने फुर्सद नै छैन वा भेटघाट गरि नै हाले पनि, औपचारिकताको लागि मात्र ।

युवापुस्ता धेरैजसो पश्चिमी संस्कृतिको प्रभावमा परेर आफ्नै संस्कार र परम्पराप्रति असमझदारीको भावना राख्छ। यसले गर्दा उनीहरू चाडपर्वको वास्तविक मर्म अनुभव गर्न असमर्थ छन् र चाडपर्वहरू सामान्य रमाइलोमा सीमित बन्ने खतरा छ।

**५. अत्यधिक खर्च र ऋणको संस्कार:**

पूँजीवादी व्यवस्थाले नक्कल गर्ने प्रवृत्तिलाई ह्वात्तै बढाएको हुनाले कोही कोहीभन्दा कम प्रस्तुत हुन तयार देखिंदैन। प्रत्येक चाडबाडमा एकले अर्कोलाई प्रतिस्पर्धी ठान्दै ऊभन्दा आफू राम्रो देखाउन ऋणै गरेर भए पनि खर्चिलो चाडपर्व मनाएको देखिन्छ । यस्तोमा चाडपर्वमा अनावश्यक खर्च गर्ने प्रवृत्तिले परिवारहरूलाई ऋणमा डुबाउने गरेको छ । आर्थिक अस्थिरताले चाडपर्वमा नैतिकता र अनुशासनको कमी ल्याएको छ । यसले गर्दा चाडको महत्त्व झनै विकृत बन्दै गएको छ ।

हामी सबैले बुझ्नुपर्ने कुरा के हो भने चाडपर्व अगाडि वा पछाडि बजारमा किन वस्तुहरू गायब हुन्छन् वा त्यसको मूल्य किन बढेर आउँछ ?

**१. मागमा वृद्धि :**

चाडपर्वका बेला विशेषगरी उपभोग्य वस्तुहरू, जस्तै–खाद्यान्न, लत्ताकपडा, उपहार सामग्री, मिठाइ तथा अन्य सामानको माग अत्यधिक बढ्छ । बजारमा वस्तुको माग बढ्दा उत्पादन र आपूर्तिबीच असन्तुलन हुन जान्छ, जसले मूल्यवृद्धि निम्त्याउँछ ।

**२. आपूर्तिमा बाधा:**

चाडपर्वको समय ओसारपसार र वितरण प्रणालीमा बढी चाप पर्छ। बढ्दो मागसँगै सामान आपूर्ति गर्न कठिनाइ हुने गर्छ, जसका कारण बजारमा वस्तुहरूको कमी हुन्छ र मूल्य बढ्छ। यातायातमा ढिलाइ, प्राकृतिक कारण, वा त्यस्तो समयको व्यवस्थापनमा चुनौतीहरूले पनि महँगीमा योगदान पुर्‍याउँछ ।

**३. व्यापारीहरूको मुनाफा कमाउने प्रवृत्ति :**

चाडपर्वको अवसरलाई व्यवसायीहरूले मुनाफा बढाउन प्रयोग गर्छन् । उच्च माग भएको समयमा सामानको मूल्य बढाएर व्यापार गर्न खोज्छन् । यस्तो बेला उपभोक्ताहरूले पनि किनमेल गर्न अनिवार्य ठान्ने हुँदा उनीहरू बढी मूल्य तिर्न तयार हुन्छन्।

**४. मौसमी उत्पादन र आपूर्ति :**

केही खाद्य वस्तु वा अन्य सामग्री मौसम अनुसार मात्र पाइने हुँदा चाडपर्वको समय ती वस्तुहरूको उपलब्धता सीमित हुन जान्छ, जसले गर्दा मूल्यवृद्धि हुन्छ ।

**५. बजारको अस्थिरता :**

चाडपर्वपछि, बजारमा केही समयको लागि सामानहरू बिक्री नभएको अवस्थामा आपूर्ति र मागमा असन्तुलन आउँछ। आपूर्तिमा कमी आउँदा अथवा डिमान्ड बढ्दा, व्यापारिक गतिविधिहरू अनियमित हुन्छ, जसले मूल्यमा उतार–चढाव ल्याउँछ।

**६. अस्थिर राजनीति :**

सरकारले स्थायित्व प्राप्त नगर्दा एउटै कार्यकालमा पटकपटक सरकार बदलिराख्दा बजारको अनुगमन प्रभावित हुन जान्छ। यसले गर्दा बजारमा उपभोक्ता ठगिने र व्यापारी मोटाउने प्रक्रिया तीव्र हुन पुग्छ । राजनीतिक स्थायित्व नहुनु पनि एउटा विकृति नै हो। व्यापारीहरूसँग राजनीतिक दलका नेताहरूले मोटो चन्दा लिने गरेकाले व्यापारीहरूको उपभोक्ता ठग्ने कामलाई कडाइका साथ सरकारले नियमन गर्न सक्दैन।

हामीले मनाउने चाडपर्वहरूको पुनर्मूल्याङ्कन हुनुपर्ने बेला भइसकेको छ। यी चाडपर्वहरूमा हुने गरेको अन्धविश्वास तथा रुढिवादिताका पक्षहरूलाई हटाउन आवश्यक छ । जस्तो कि अनावश्यक पूजापाठको नाउँमा अन्नको नाश र वातावरणीय प्रदूषणबाट जोगाउने उपाय निकाल्नुपर्छ । त्यसैगरी बलिको नाउँमा अबोध पशुहरूको विकृत किसिमले गरिने बध (हत्या ) रोकिनुपर्छ। सबै प्रकारका पशुबलि अब रोकिन जरुरी छ।

यसरी हाम्रा चाडपर्वहरू उत्साह, मनोरञ्जन र सामाजिक मिलन संस्कृतिको अपेक्षा निराशा, चिन्ता तथा विकृतिले भरिएको सामूहिक भीडजस्तो बन्दै गएको देखिन्छ यसतर्फ सरोकारवाला सबैले बेलैमा सोच्न जरुरी छ।

# वीरगंज नाका हुँदै सवारीसाधनको आयात खस्कियो

वीरगंज (पर्सा), ९ कात्तिक/रासस

वीरगंज भन्सार नाका हुँदै आयात हुने चार पाङ्ग्रे सवारीसाधनको आयात ह्वात्तै घटेको छ । गत आर्थिक वर्षको तीन महीनाको तुलनामा चालू आवको सोही अवधिमा चार पाङ्ग्रे सवारीसाधनको आयात ६० प्रतिशतभन्दा बढीले कमी आएको छ। वीरगंज नाका हुँदै पेट्रोलियम पदार्थ र विद्युतीय सवारीसाधन दुवैको आयातमा पनि कमी देखिएको छ ।

चालू आवको असोज मसान्तसम्मको अवधिमा ४० करोड ४७ लाख ६३ हजार मूल्य पर्ने २१५ वटा जीप, कार र भ्यान आयात भएका छन् । गत आवको तीन महीनाको तुलनामा चालू आवको सोही अवधिमा जीप, कार र भ्यानको परिमाणको आधारमा ६६ दशमलव ०९ प्रतिशतले घटेको देखिन्छ । सो अवधि राजस्व सङ्कलनको आधारमा भने ४९ दशमलव ९३ प्रतिशतले गिरावट आएको छ ।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चार पाङ्ग्रे सवारीसाधन वीरगंज नाकाभन्दा पनि अन्य नाकाबाट भित्र्याउने क्रम बढेको बताए । "व्यवसायीले जुनसुकै नाकाबाट सवारीसाधन भित्राए पनि समग्रमा राजस्व मुलुकभित्रै भित्रिने हो," उनले भने, "चालू आवको साउन र भदौ महीनाको तुलनामा वीरगंज भन्सार कार्यालयले सङ्कलन गर्ने समग्र राजस्वमा समेत वृद्धि हुँदै आइरहेको छ ।''

गत आवको तीन महीनाको अवधिमा भने ९० करोड ५७ लाख १६ हजार मूल्य पर्ने ६३४ वटा जीप, कार र भ्यानको आयात भएको थियो । पेट्रोलियम पदार्थबाट चल्ने चार पाङ्ग्रे सवारीसाधनको मात्रै आयात घटेको होइन। गत आवको तीन महीनाको तुलनामा चालू आवको सोही अवधिमा इलेक्ट्रिक कार, जीप र भ्यानको आयातमा पनि ठूलो गिरावट आएको छ।

चालू आवको तीन महीनाको अवधिमा वीरगंज नाका हुँदै नौ करोड ७७ लाख ९० हजार मूल्य पर्ने ६७ वटा मात्रै इलेक्ट्रिक कार, जीप र भ्यान आयात भएका छन् । प्रमुख भन्सार प्रशासक लामिछानेले इलेक्ट्रिक सवारीसाधन वीरगंज नाकाबाट भन्दा पनि उत्तरी नाकाबाट धेरै भित्रिने बताउँछन् ।

"इलेक्ट्रिक सवारीसाधन व्यापारीले उत्तरी नाकाबाट भित्र्याउने गर्नुहुन्छ भने ठूला सवारीसाधन भने वीरगंज नाका हुँदै भित्रिन्छन् ।" गत आवको तीन महीनाको तुलनामा चालू आवको सोही अवधिमा इलेक्ट्रिक सवारीसाधनको आयात परिमाणको हिसाबले ६४ दशमलव ७४ प्रतिशतले गिरावट आएको छ । सोही अवधिमा इलेक्ट्रिक सवारीसाधनको आयातबाट हुने राजस्व सङ्कलनमा पनि ५९ दशमलव ६७ प्रतिशतले कमी आएको छ। जबकि गत आवको तीन महीनाको अवधिमा ३५ करोड नौ लाख ९४ हजार मूल्य पर्ने १९० वटा इलेक्ट्रिक सवारीसाधन आयात भएका थिए ।

चालू आवको तीन महीनाको अवधिमा रु सात करोड ३२ लाख १७ हजार मूल्य पर्ने ३२ वटा ट्रक, मिनीट्रकको आयात भएको छ। जबकि गत आवको तीन महीनाको अवधिको तुलनामा चालू आवको सोही अवधिमा भने ६३ दशमलव ६४ प्रतिशतले आयात घटेको छ। गत आवको तीन महीनाको अवधिमा ट्रक, मिनीट्रक २० करोड १३ लाख १२ हजार मूल्य पर्ने ८८ वटा भित्रिएका थिए ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

वाटिका

२०८१ कात्तिक १० गते शनिवार | प्रतीक | 2024 October 26 Saturday



# चाटपर्व

व्यङ्ग्यम्



सञ्जय मित्र

mitrasanjay41@gmail.com

कहिलेकाहीं नहिंडे नि पुगिंदो रै'छ भन्या। खै कस्तो रोग हो कुन्नि । पढेलेखेका डाक्टरहरू पनि हैरान छन्, मेरो रोगदेखि । कनिष्ट डाक्टरलाई वरिष्ठ रोगी भेटेपछि डाक्टरले सलाम गर्ने चलन भा ठाममा पुग्छु भन्या ।

कुरो के हो भने, म ढोका थुन्छु र आफू थुनिन्छु आफ्नै घरमा । घरभित्र म स्वतन्त्र छु, यत्ति हो पत्नीको नजरमा मेरो स्वतन्त्रता पर्नुहुँदैन। आफैंलाई फेरि थुन्छु, आफ्नो कोठाभित्र। लाग्छ कोठा अझै ठूलो छ । आफूलाई झुलभित्र कैद गर्छु। त्यसभित्र सिरकले नाकमुख छोप्छु घम्लङ। कठ्याग्रिंदो रातमा सिरकबाट सिर बाहिर निकाल्ने पीर किन गर्नु ? बिहान उठ्दा ओछ्यानैमा हुन्छु र पनि कहिले पहाड काटेको हुन्छु, कहिले बोतल साटेको हुन्छु, कहिले हाँडीमा पौडी त कहिले हाड चाटेको हुन्छु ।

अँ, चाटेको कुराले एक दिनको सम्झना हुन्छ । दिन भनूँ भने राति सुतेपछिको कुरो हो र रात भनूँ भने चाट्ने कुरो मैले दिउँसो गरेको हुँ । सायद मेरो टाउकोमा दिमागको ठाउँमा गाईको पवित्र गोबर छ। रात र दिन छुटचाउन नसक्नु गोब्रे दिमागको उपज हो । सायद गोबरको पो अपमान भयो कि ? कुरोको पसारो गर्नुभन्दा कामको चटारो भए पो राम्रो ।

राम्रो बेवास्ता गरिएको लाजमार्गमा यात्रारत थिएँ। कठै ! कतै, पिचको अवशेष देखिन्थ्यो । प्रकृतिले सित्तैमा दिएको ज्यान बचाउने हावा र ज्यान बनाउने धूलो लोकतन्त्रले सर्वसाधारणलाई समान अधिकार दिएझैं निश्शुल्क प्राप्त भइरहेको थियो। एक ठाउँमा धूलोविनाको हावा भेटियो, अगाडि ढोल बजाउँदै टोल टेक्स लियो । गन्हाउने हावा गनाउने सङ्ख्या सम्झना भएन । सानो खोलामा पुल नै होला, झुलजस्तै झुन्डिएर कम्मरको हाड भाँच्चिएको अवस्थामा थियो। पुलमाथि भूलले पनि गलती भएमा दिउँसै तोरीको फूल देख्ने हुन्थ्यो। आँखै अगाडि पछाडितिर लडेर टाउकोमा टुटुल्को बनेको देखें। मैले मोबाइल लगेको भए लाइभ देखाउँथें। उसले गुहार माग्यो, नसुनेर नजीक मुहार लगें । रिसको झोकमा यसरी चड्कायो गाला मेरो कि मैले तिरिमिरी झ्याइँ देखें । हत न पत मुखलाई छामें, दाँत छँदै थियो, उसले बेकारमा गाला डाम्यो। अनि भनी हेरें– "रोडको लोड हेर्ने इन्जिनीयर होइन, न त झिल्केमिल्केदार पुल बनाउने ठेकेदार नै हुँ । अनि किन दिउँसै रातको सारा तारा हेर्नेगरी गालाको मर्मत गरेको ?" बाँदरले केरा हेरेझैं उसको अनुहारमा म हारेको अनुहारले हेरिरहेको थिएँ ।

उसले जिब्रोमा तरबारको धार लगाएर बोल्यो– "हात्तीले लात्तीले कुल्चिंदा के गर्छस् गधा ? उद्धार गर्न बुद्धि सुधार, तेरो मोटो दिमागले गर्दा मेरो टुटुल्कोबाट खोटो चुहिन थाल्यो । म लडेपछि हातको सहारा दिनुपर्नेमा मुखले आहारा बनाउन खोजिस् । तेरो मुखले सुखको ठाउँमा दुःख पायो ।"

लाजमार्गमा म सुल्टो दिशातिर हिंडें, ऊ उल्टो । विचार गर्दै अगाडि बढें– सडक यतातिर गइरहेको छ, ऊ उतातिर किन गइरहेको होला ?

अलिकति हिंडेपछि एउटा बेवारिसे साइकल देखें । चढेर कुद्न थालें । पछाडिबाट पहिले एकजना अनि त्यसपछि दुई/चार जनाले लखेट्न थाले। बेवारिसे साइकल पहिले मैले देखेपछि अरूले मलाई लखेटेर हुन्छ । खन्द्रङे रोड, घन्द्रङे साइकलमाथि मेरो लोड । रोड बजेको हो कि साइकल, मलाई छुटचाउन गाऱ्हो भएको थियो । साइकलको पाङ्ग्राले उछिटिएर एउटा सानो ढुङ्गा एकजनाको खप्परमा लाग्यो। सबैजना त्यतै अलमल, मेरोअगाडि जीतको झलमल। मैले जुँगामा ताउ फेर्दै मेरो भाउ बढाएँ । जबसम्म कसैले आफ्नो भाउ आफैंले बढाउँदैन, तबसम्म दुनियाँले उसलाई सस्तो नै मान्छ, भाउ दिंदैन । आजभोलि सानो घाउले पनि राम्रो भाउ खोजेर हैरान पार्ने गरेको सबैलाई थाहै छ ।

अगाडि बढिरहने हो भने कुनै न कुनै नयाँ ठाउँ आइरहन्छ। आयो चाटपुर । एउटा मान्छेले बिरालोलाई चाटिरहेको र उक्त मनुवाको खुट्टालाई कुकुरले चाटिरहेको बोर्ड झुन्डिएको थियो र



त्यसैमा लेखिएको थियो– सम्पूर्ण चटुवाहरूलाई चाटपुरमा स्वागत छ ।

शुरूमा त मलाई लाग्यो कि म चटुवा होइन तर एक/एक गरी सम्झना हुन थाल्यो, कहाँ कहाँ ककसलाई कसरी कसरी चाटेको छु वा मलाई चाटेका छन्। एकैछिनमा मलाई लाग्यो म पनि चाट्ने र चाटिनेमा परेको छु । मलाई पनि स्वागत छ ।

चैतेको चाट दोकानमा एक चतुर चिया चाख्दै, अर्को एकजना गिलास चाट्दै थिए । कोही एक प्लेट चाट किन्थे र अर्को एक प्लेट चिया । चाट र चिया साटासाट गरेर चाटाचाट गरेको अनुपम दृश्य देख्न पाइयो। चाटगाउँका चाटवाला चाट्नेहरूलाई कति चाट्थे भन्ने अनुमान लगाउन सजिलो भयो । मलाई पनि आफ्नो नाम, जात, थर सबै चाट बनाऊँ कि जस्तो लाग्यो ।

सबैले सबैलाई चाट्नुपर्ने, सबै सबैद्वारा चाटिनुपर्ने। चाट्नु र चाटिइनुको बीचमा कुनै फरक नै नहुने। यो चाटवाद हो। जो जति सक्छ चाट्ने, जहाँ सक्छ त्यहीं चाट्ने, जसरी सक्छ त्यसरी नै चाट्ने। नचाट्ने वा चाट्न नसक्ने अयोग्य । चाटपुरमा योग्य मानिस मात्र बस्न पाउँछ। बरु बाहिरबाट चाट्नलाई सिद्धहस्त भएर आउने हो भने यहाँ बस्न पाइन्छ। चाट्दाचाट्दै पनि अयोग्य भयो वा चाट प्रतियोगितामा सबैभन्दा पुछारमा पुग्यो भने गाउँ निकाला। सदैव उत्कृष्ट चाटुकार बनिरहनको लागि नयाँनयाँ तरीकाको आविष्कार गरिरहनुपर्ने हुन्छ। तरीकाहरू खोजिइरहनुपर्ने हुन्छ। यहाँका बासिन्दाहरू यस कुरामा गर्व गर्छन् कि प्राचीनकालदेखि चाट्दै आएको यो गाउँको ऐतिहासिक र पुरातात्त्विक महत्त्व रहेको छ। आफ्नो विशिष्ट परम्परा र इतिहास भएकोले यहाँ चाटवादको सिद्धान्त प्रतिपादन भएको हो। यहाँ चाटकलाको विश्वविद्यालय छ, चाट पाठशाला छ, चाटालय छ र चाट सङ्ग्रहालय छ । सङ्ग्रहालयमा राखिएका छन्, आधुनिक चाटुकार, प्रथम चाटुकार, आशुचाटुकार, चाटविज्ञ, चाटानुरागी आदि सबैका फोटाहरू । मलाई पनि मेरो फोटो कतै झन्डिएदेखि हुन्थ्यो जस्तो लाग्छ ।

चैतेको चाट दोकानमा पूरा गाउँलाई बुझ्न पाइन्छ । बुझेर मात्र हुँदैन, पुष्टि पनि हुनुपर्छ। मैले एकजना विशिष्ट जस्तो लाग्ने चाटुकारलाई विनम्रतापूर्वक प्रश्न गरें– महोदय, यहाँ चाट महात्म्यबारे कहाँ बुझ्न पाइएला ?

उनले अझै विनम्रतापूर्वक जवाफ फर्काए– म चाटर्षि हुँ। चाट्नुबाहेक मेरो कुनै काम छैन। चाटेर मात्र मुक्ति प्राप्त हुन्छ। तिमी चाट महात्म्य सुन्न चाहन्छौ भने कम्तीमा सात दिन मसित चाटसाधना गर्नुपर्छ । चाटधर्मका महापुरुषहरूले सिकाएको मार्गमा खरो उत्रिनुपर्छ।

म वैज्ञानिक सोचको मान्छे भएकोले यस्ता कुरालाई उहिलेका बाजेहरूले टुपी पालेर हामीले फालेजस्तै फाल्छु । टुपी पाल्नु र फाल्नु उस्तै लाग्छ मलाई। अनि महाज्ञानी चाटर्षि महाराजका सबै कुरा सुन्न सक्ने सामर्थ्य भएन ममा । म साइड लागें । आफूजस्तै सामान्य मानिसलाई सोधें– यहाँ केही विशेष छ कि क्या हो ?

चाटपर्व । अहिले यहाँ चाटपर्व चलिरहेको छ। यो वर्ष भव्य चाटपर्व भइरहेको छ र आगामी वर्षदेखि राष्ट्रियस्तरमा चाटपर्व मनाउने विचार भएको छ, सज्जनले उत्तर दिए ।

अनि जिज्ञासा पोखें – यो चाटपर्व कसरी मनाइन्छ ?

नौलो ग्रहबाट कुनै निर्जीव जीवप्रति आँखाको नानी ठूलो पारेर आक्रमण गरेजस्तै आँखाले झम्टिएरै जवाफ दिए– घरभित्र र सार्वजनिक गरी दुई किसिमले मनाइन्छ । घरभित्र सबैले एकापसमा चाटचुट पारेर मनाइन्छ भने बाहिर सार्वजनिकरूपमा जो जहाँबाट जसरी पनि ल्याएर जतिसुकै चाटे पनि हुन्छ। बाहिर जसले जति धेरै चाट्छ, उसको त्यत्ति धेरै इज्जत हुन्छ। यसरी बुझ्नुस् चाटको लिगलिग प्रतियोगिता हो । पहिले एक दिन मनाइने यो चाटपर्व आजभोलि तीन दिनसम्म धूमधामका साथ मनाइन्छ । सुन्दैछु, यस वर्ष चाटदेवताको मन्दिर पनि स्थापना हुँदैछ ।

सडेका, गलेका, फलेका, झरेका, झिँगा भन्किएका, गन्हाएका सबै यहाँ चाटिन्छ । चाट्नुको अगाडि सुन्दर असुन्दर हुँदैन। केवल चाट्ने हो। अगाडि जे जस्तो आउँछ, मज्जाले चटाउँछ । चाटेरै महान् बन्ने हो ।

चाट प्रवचनले म तृप्त हुन्छु र अगाडि केही चाट्ने कुरो आउनुभन्दा पहिले म बडेमाको आफ्नो जिब्रो निकाल्छु, चाट्नलाई। ओठ, दाँत र जिब्रो सबैलाई भ्याउने गरी एक थप्पड मेरो मुखमा हान्छिन्, पत्नीले। मेरो निद्रा भङ्ग हुन्छ। कानै चिरिने चर्को आवाजले आशीर्वचन प्राप्त हुन्छ– सपनामा बर्बराउने बानी बूढो भइसक्दा पनि जाँदैन ?

यस घटनाको केही काल बितिसकेको छ । त्यस दिनदेखि म चाटपर्व मनाउने अर्को सपनाको खोजीमा लागेको छु । अहिलेका थोत्रा पुराना चाडपर्वभन्दा मलाई मेरो सपनाको आधुनिक चाटपर्व राम्रो लागिरहेको छ ।

# ओशो: जसलाई सबैले जान्नु र चिन्नु पर्छ

मन्तव्य



राजेन्द्रप्रसाद कोइराला Phd

rajendrakoirala20@gmail.com

ओशो, जसलाई भगवान् श्री रजनीश पनि भन्ने गरिन्छ, २०औं शताब्दीको सबैभन्दा विवादास्पद र बुद्धिमान् दार्शनिकको रूपमा लिने गरिन्छ। उनको विचार र प्रवचनले समाजमा विद्यमान पारम्परिक मूल्य–मान्यता, धार्मिक संस्था र वर्षौंदेखि जकडिएको सामाजिक मापदण्डलाई नै चुनौती दिएको थियो, जसले गर्दा उनी अत्यधिक विवादित बन्न पुगे। उनी भन्ने गर्थे, जो व्यक्ति आफूलाई सबैभन्दा धेरै धार्मिक भन्ने गर्छन्, उनीहरू नै सबैभन्दा बढी अधार्मिक हुन्छन्, जुन कुरा भारतमा समयको गतिसँगै पुष्टि हुँदै गयो । धार्मिक गुरुहरू जो अहिले जेलमा छन्– रामरहिम, स्वामी परमानन्द, आशाराम बापू, स्वामी अमृत चैतन्य अर्थात् सन्तोष माधवन, स्वामी सदाचरी साइँ बाबा ॐ जी, सन्त रामपाल, परमहंश नित्यानन्द, इच्छाधारी सन्त स्वामी भीमानन्द, राधे माँ, चन्द्रास्वामी आदि । ओशोको आध्यात्मिकताप्रतिको गहिरो ज्ञानको दृष्टिकोण नै क्रान्तिकारी हुने गर्थ्यो। उनको शान्त हुँकारदेखि अमेरिकी साम्राज्य पनि हल्लिएको थियो।


**ओशो विवादास्पद हुने कारणहरू :**

**१. पारम्परिक धर्मको कटु आलोचक:** ओशोले सङ्गठित धर्महरू, विशेषगरी हिन्दू, इस्लाम र इसाई धर्ममाथि आफ्नो तर्कले कडा प्रहार गर्थे। उनी भन्ने गर्थे– यी सबै धर्मले व्यक्तिको स्वतन्त्रतालाई दमित पारेको छ र यी धर्महरूले मानिसमा भय र अपराधबोधलाई मात्र प्राथमिकता दिने गर्छन्। यही कारणाले उनलाई धर्मविरोधीको टयाग लगाइएको थियो। जबकि उनले आफूलाई कहिल्यै धार्मिक नेताको रूपमा उभ्याएनन्। उनी आफूलाई एक आध्यात्मिक दर्शनशास्त्री र मार्गदर्शकको रूपमा हेर्न सबैलाई आग्रह गर्थे।

**२. कामुकताप्रति उनले राखेका खुला विचार:** ओशोको सबैभन्दा विवादास्पद विचार नै यौन अर्थात् कामुकतालाई लिएर गरिएको थियो। उनी यसलाई उच्च चेतना प्राप्त गर्ने माध्यमको रूपमा लिने गर्थे, जबकि त्यस बेला अधिकांश धार्मिक गुरु कामुकताको कुरा गर्नुलाई पाप ठान्थे तर आफैं विभिन्न यौनकाण्डमा लिप्त हुने गर्थे । तर रूढिवादी वर्गले उनको वाणी, बयान र प्रवचनको कडा आलोचना गर्थ्यो । उनको धर्ममाथिको कटाक्ष मिडियामा सनसनीखेज खबर बन्थ्यो ।

**३. भौतिकवाद र आध्यात्मिकतामा उनको फरक धारणा:** ओशोले भौतिकवाद र विलासितालाई अपनाए, जबकि अरू धार्मिक गुरुहरू सादगी जीवन बाँच्नको लागि प्रेरित गर्थे र अहिले पनि गरिरहेका छन् । त्यस बेला ओशोसँग करीब १०० वटा त रोल्स रायस कार थियो, जुन उनको विलासितापूर्ण जीवनको प्रतीक नै बनेको थियो। उनको त्यो जीवनलाई धार्मिक गुरुहरूले पाखण्डीको संज्ञा दिने गर्थे। तर ओशोको अटुट विश्वास थियो कि गरीबीमा कोही पनि आध्यात्मिक बन्न सक्दैन र मुख्य कुरा आत्माको मुक्ति हुनुपर्छ, न कि भौतिक वस्तुलाई त्यागेर ।

**४. राजनीतिक व्यवस्थाका कट्टर आलोचक:** ओशोले पूँजीवाद, समाजवाद, र विद्यमान लोकतन्त्रसहित सबै राजनीतिक व्यवस्थाको डरलाग्दो आलोचना गर्ने गर्थे। उनको भनाइ थियो कि यी सबै व्यवस्थाले मानव अस्तित्वको गहिरो समस्यालाई कहिल्यै समाधान गर्न सक्दैन किनकि मानव अस्तित्वको कुरा आध्यात्मिक हो र जबसम्म आध्यात्मिकलाई गहनरूपले बुझिंदैन, कुनै व्यवस्थाले केही पनि तात्त्विक परिवर्तन यो संसारलाई दिनै सक्दैन । उनी त महात्मा गाँधी र कार्ल मार्क्स जस्ता कालजयी व्यक्तिहरूको पनि आलोचना गर्न पछि पर्दैनथे ।



**५. व्यक्तिवाद र विद्रोहलाई प्रोत्साहन:** ओशोले सधैं व्यक्तिको स्वतन्त्रता र व्यक्तिवादीलाई प्राथमिकता दिने गर्थे । उनको भनाइ नै हुने गर्थ्यो कि म नबनीकन हामी हुन लगभग असम्भव छ । उनको भनाइ थियो कि समाजमा जकडिएका रूढिवाद र परम्पराले एउटा व्यक्तिलाई बन्धनमा बाँधिदिन्छ, जसले गर्दा उसको ऊर्जा, सृजनशीलता र नवप्रवर्तक सोचलाई कहिल्यै अगाडि बढ्न दिंदै दिंदैन र उसको आत्माको मुक्तिमा ठूलो बाधा बन्न जान्छ। ओशोले पारम्परिक र तर्कविहीन सामाजिक मापदण्डको खुलेर विद्रोह गर्न प्रेरित गरे । जसको कारणले पश्चिमी देशका युवा र आडम्बरका विद्रोही सबै देशका युवाहरू उनीप्रति आकर्षित भए। जसले गर्दा उनी धार्मिक र राजनीतिक सङ्गठनको लागि एक खतरा बन्न पुगे।

**६. ओरेगन कम्युन र कानूनी झन्झट:** ओशोले सन् १९८० मा अमेरिकाको ओरेगन राज्यमा रजनीशपुरम नामको कम्युन स्थापना गरेका थिए । त्यो कम्युनमा उनका हजारौं अनुयायी आउने गर्थे। ठीक त्यसै बेला जैविक आतङ्कवादको मुद्दा उठेको थियो । जसमा ओशो पनि मुछिएका थिए तर उनको कुनै संलग्नता त्यसमा देखिएको थिएन तर यस घटनाक्रमले उनको छविमा केही न केही धक्का लाग्यो।

**७. जनमानसलाई भड्काउने खालको भाषाको प्रयोग:** ओशोमाथि त्यस बेलाको समाजको लागि आफ्ना श्रोताहरूलाई आश्चर्यचकित पार्ने र समाजलाई भड्काउने खालका भाषाको प्रयोग गर्ने गरेको दोषारोपण लागेको थियो। तर उनी जे बोल्थे अनुसन्धानमूलक ग्रन्थहरूको आधारमा बोल्ने गर्थे, जुन त्यस बेलाका धर्मका ठेकेदारहरूलाई मन पर्ने कुरै भएन ।

ओशोलाई ज्यादै बुद्धिमान् र २०औं शताब्दीको घाघडान दार्शनिक मानिएका कारण :

उनले पूर्वी र पश्चिमी दुवै दर्शनको गहिरो अध्ययन गरेका थिए । उनले बौद्ध धर्म, ताओवाद, जैन, हिन्दू धर्म र सुफिवादबाट धेरै प्रेरणा लिएका थिए भने पश्चिमी दार्शनिकहरू जस्तै नित्से, फ्रायड, मार्क्स, बर्टन रसेल जस्ता विद्वान्हरूको दर्शनलाई बृहत्रूपमा अध्ययन गरे । जसले गर्दा उनलाई दुवैतिरका दर्शनलाई तुलना गर्न सजिलो भयो र एक किसिमको हाइब्रिड दर्शनको रूपमा आफूलाई उभ्याए । जो त्यस समयको लागि एक सामाजिक क्रान्तिको विगुल थियो ।

**स्वतन्त्र सोच र बौद्धिक गहिराइ:** ओशोको शिक्षा व्यक्तिवादि र स्वतन्त्र सोचमा आधारित थियो । उनले यो सिकाए कि जीवनलाई आफ्नो अनुभव र समझदारीबाट अगाडि लग्नुपर्छ, न कि समाजले लादेको कुतर्क र चित्त नबुझ्दो नियम र नैतिकताबाट । उनको चित्तबुझ्दो तर्क र विश्लेषणले गर्दा नै समयको गतिसँगै उनका अनुयायीहरू प्रेरित हुँदै गए ।

**मनोविज्ञान र ध्यान:** ओशोले ध्यान र मनोविज्ञानलाई गहिरोरूपले ग्रहण गरेका थिए । उनले ध्यानका विभिन्न विधिहरूको विकास गरेका छन्, जसमा प्राचीन योग र मनोविज्ञानको सम्मिश्रण छ । उनले विकास गरेको 'डायनामिक मेडिटेशन'ले धेरैको जीवनमा अकल्पनीय र तात्त्विक परिवर्तन गरेको कुरा यो स्तम्भकार आफैंले अनुभव गरेको कुरा यहाँ उल्लेख गर्न चाहन्छु । आज पनि ओशोका अनुयायीहरू यसलाई निरन्तरता दिइरहेका छन् ।

**प्रश्न सोध्न सक्ने र परम्परालाई चुनौती दिन सक्ने क्षमता:** ओशोले मात्र सामाजिक र धार्मिक परम्परालाई चुनौती दिएनन्, उनले मूल्य–मान्यतालाई पनि प्रश्नको घेरामा राख्ने हिम्मत गरे। उनले जीवन, मृत्यु, प्रेम र समाजका बारेमा जुन गहिरो र जटिल प्रश्न उठाए, त्यसबाट विश्वका बुद्धिजीवीहरूले पनि उनको मुक्तकण्ठले प्रशंसा गर्न थाले ।

**ओशोका केही विवादास्पद उद्धरणहरू:**

– ईश्वर मरिसकेका छन्, र अब व्यक्ति आफैं आफ्नो जिन्दगीको मालिक बन्नुपर्छ ।

– कुनै पनि नैतिकता त्यस बेलासम्म सही हुन सक्दैन, जबसम्म त्यसलाई हाम्रो भित्री आत्माले स्वीकार गर्न सक्दैन। बाहिरबाट थोपरिएको संस्कार र नैतिकताले एउटा व्यक्तिलाई आडम्बरी संसारमा बाँच्न बाध्य गराउँछ ।

– सेक्स जीवनको सबैभन्दा प्राकृतिक र शुद्धतम् रूप हो, र यसलाई पनि ध्यानको एउटा अमूल्य गहनाको रूपमा लिन सकिन्छ ।

– गाँधीजीले अवलम्बन गरेको

(बाँकी पाँचौं पातामा)

# खोजी

(लघुकथा)



नवराज रिजाल

सम्पर्क : ९८५११३८६२४

पेशा : प्राध्यापन/पत्रकारिता

केही क्षण उभिएर सुन्यौं, आफ्नै ताल, सुर र पारामा पोखिँदै थियो माग्ने बूढो, "हा ! हा !! हा !!! म जँड्याहा, सिल्ली, हावा खुस्केको र वाहियात अरू सबै राम्रा।" विगत केही वर्षदेखि शहरका विभिन्न भागमा प्रायः देखिने गर्छ ऊ। वतन, नाम, थर र घरको बारेमा अनभिज्ञ छौं। तर समयसमयका उसका भावभङ्गिमाले हामी लोभिन्छौं, सुन्छौं र मनभित्र जिज्ञासाका बिरुवा उमार्छौं।

आज पनि शिरदेखि पाउसम्म मानवनिष्ठा लेपन गरेको देखिन्छ। आश्चर्यचकित मानिसहरू उसलाई घेरेर उभिएका छन्। हामी अर्थात् म र सुनील पनि आडमा छौं। बोलिरहेछ ऊ- "बाँच्न चाहन्छु तर किन...?" कोही पनि..., आफैंलाई विश्वास गर्न सकिरहेका छैनन्। मलाई माटो पनि..., आफैंलाई विश्वास गर्न सकिरहेका छैनन्। मलाई माटो चाहिन्छ, अस्तित्व चाहिन्छ, स्वाभिमान चाहिन्छ र चाहिन्छ स्वतन्त्र परिवेश। तर... खै कहाँ गए उनीहरू म भौंतारिँदै छु।" एक सुरमा बोलिरहेछ ऊ।

"ए मान्छे हो, नछेक, खै कहाँ गयो त्यो। पक्कै पनि हो उसलाई बलियाले खोसे, केही निर्धाहरू पनि उनीहरूको पक्षमा लागे र केही मौन समर्थन जनाइरहेका छन्। म पागल, बहुला, मगज सड्केको हा, हा, हा।"

ऊ यस्तै भनिरहेको छ। जाने र आउनेहरूको भीड उस्तै छ। कोही सुन्छन्, कोही सुन्दैनन्, तर हामी भने...।


# नसीब अन्सारीको चमत्कार

केही मानिस नसीबलाई कबीर अन्सारी पनि भन्थे। उनको मृत्यु भएपछि अन्त्येष्टिमा हिन्दू र मुसलमान दुवै जम्मा भएका थिए। हिन्दूहरूले हात जोडेर उनको आत्माको शान्तिका लागि प्रार्थना गरे। मुसलमानले हात उठाएर कलमा पढे। भेला भएका हिन्दू र मुस्लिम समझदार थिए होलान्। अन्यथा हिन्दूहरू उनलाई ढोंगी र मुसलमान काफीर भनेर घृणा गर्थे। गाउँको एकजना प्रतिष्ठित मुसलमान उनका समर्थक थिए। यस कारण मुसलमानहरूले उनलाई कब्रगाहमा सुपुर्दे-खाक गर्ने अनुमति दिए।

तर उनकी पाँच वर्षीया छोरीको मृत्यु हुँदा कब्रिस्तानमा दफन गर्न अनुमति पाएनन्। हिन्दू टोलमा रहेको आफ्नो खेतमा लगेर छोरीलाई सुपुर्दे-खाक गरे। त्यस बेलादेखि उनले आफ्ना सन्तानहरूलाई भन्थे- मेरो मृत्युपछि मलाई त्यही खेतमा सुपुर्दे-खाक गर्नू।

उनको गाउँको नाउँ हसरतपुर थियो। नाउँ मुस्लिम भएपनि गाउँमा हिन्दूहरूकै बसोवास बढी थियो। हसरतपुरमा हिन्दू र मुस्लिम दुई टोला थिए। मुस्लिम टोलामा हिन्दूको घर थिएन। हिन्दू टोलाको दक्षिणमा भने केही देवान र उत्तरतिर केही अन्सारी मुसलमानहरूका घर थिए। त्यहीं एउटा घरमा नसीब र तैयब दुई भाइको जन्म भएको थियो। त्यो जमाना नै यस्तो थियो कि हिन्दू र मुलमानहरूबीच भेद थिएन। मुस्लिम महिला साडी र पुरुष धोती लगाउँथे। लुङ्गी मुस्लिम र हिन्दू दुवैले लगाउँथे। नसीब जब आफूले सिएको लुगा बेच्न जान्थे, लाग्थ्यो कबीर नै गइरहेका छन्। त्यस्तै खुश र मस्तमौला। हिन्दू टोलाको प्रभावले नसीबमाथि गहिरो छाप छोडेको थियो। उनी शिव उपासक थिए। तर उनी कहिले न शिवालय गए, न मस्जिद नै। कहिलेकाहीं दाइ तैयब नमाज नपढ्दा नसीबलाई हप्कीदप्की गर्थे। तर आमा केही भन्दिन थिइन्। आमा हिन्दूहरूको खेत खलियानमा काम गर्थिन्। हिन्दू महिलाहरूसँगै सोहर, झुमर र बधाई गीत गाउँथिन्।

जमाना बदल्यो। मुसलमान छोरीहरू बुर्का लगाउन थाले, मुस्लिम तन्नेरीहरू पाकिस्तानी र कश्मीरी कुर्ता-सरवाल लगाउन थाले। बूढी विस्फारित आँखाले हेर्थिन्। बूढी सोध्थिन्- यो बुर्का र टाउकोमा जालीदार कचौरा के हो ? तन्नेरीहरू भन्थे- यही त मुसलमानको पहिचान हो। जसले लगाउँदैन, ऊ मुसलमान होइन। बूढी भन्थिन्- म त



तस्वीरः एआई

लगाउदिनँ। त के म मुसलमान होइन ?

जमाना जब बदल्यो, हिन्दू र मुसलमानबीचको भाइचारा पनि बदल्यो। एक दिन त हिन्दू-मुसलमानबीच साम्प्रदायिक दङ्गा पनि भयो।

मुसलमानहरूले आफ्ना सन्तानको नाम ओसामा र सद्दाम राख्न थाले। बूढी सोच्थिन्- कुर्बान अली, रेयाज अन्सारी त सुनेकी हुँ। यो बिन लादेन कहाँबाट आयो। उसले पक्कै गाँजाको लदनी गर्दो हो ? अब परिवर्तनको अर्को चरण शुरू भयो। हिन्दू टोलाका मुस्लिमहरू, मुस्लिम टोलामा बसाइँ सर्न थाले।

त्यस दिन बूढी अचम्भित नै भइन्, जब जेठो छोरो तैयबले पनि मुस्लिम टोलामा सर्ने कुरा सुनायो। उनले अड्डी नै लिइन्- म हिन्दू भाइहरूलाई छाडेर जाँदिनँ। चौधुर काकाको खेत कसले रोप्छ ? उनको बच्चाको जन्मको बेला बधाई र सोहर गाएकी छु। सबैलाई छाडेर कसरी जाऊँ ? यस घरमा मेरो खसम र तेरो अब्बाको रूह (आत्मा) बस्छ। आमाको जिद्दीको सामुन्ने तैयबको केही चलेन। जब आमा बितिन्, उसलाई रोक्न सक्ने कोही थिएन। सबै पहिले नै गइसकेका थिए। जानेमा पहिलो थिए, मौलवी साहेब। उनी हरेक कुरामा तौबा तौबा भन्थे। उनका छोरा रहमान पनि मौलवीजस्तै कट्टर थिए।

तैयबको हिन्दू टोलामा १० कट्ठा खेत थियो। मुस्लिम टोलामा १० धुर जग्गामा तीनवटा आँपका रूख थिए। तैयबले आँपका रूख काटेर बेचेर एउटा फुसको घर बनायो। नसीबले नचाहेर पनि जानुपर्‍यो। तैयब जेठो र अभिभावक भएकोले जानै पर्‍यो। दुवै भाइको सिलाइको पसल मीरपुर शहरमा थियो। लुगाको पोको बोकेर बजार जान छुटिसकेको थियो। दुवै भाइको बिहे भइसकेको थियो। केही दिन राम्रै चल्यो। फेरि त्यसै घरमा चुलो अलग भयो। तैयबको पसल मीरपुरमैं रह्यो। नसीबको आफ्नै घरमा खुल्यो। नसीबले गाउँ डुलेर हेरे। हिन्दू टोलाजस्तो लागेन। विभिन्न खबर प्राप्त भइरहन्थ्यो। पाकिस्तान भारतसँग क्रिकेट म्याच हार्‍यो। फलानोले आफ्नो टिभी नै फोडिदियो। अर्को म्याच पाकिस्तानले जित्यो। फलानाले खुशीमा आफ्नो घरमा दावत दियो। मस्जिदमा पाकिस्तानी आएका छन्। भारतका मुसलमान आएर जलसा गरिरहेका छन्। फेरि गाउँमा पत्ता लाग्यो कि नसीब नामको एकजना हिन्दू टोलाबाट आएको छ। ऊ नमाज पढ्दैन, शिवको पूजा गर्छ। यो सुनेर मौलवी साहेबको छोरा रहमान आगो भयो। उसले नसीबसँग सोध्यो- तिमी मस्जिद जाँदैनौ, शिवको पूजा गर्छौ रे, हो ? नसीबले भने- म कुनै शिवालय जाँदिनँ। शिवको पूजा पनि गर्दिनँ। ध्यान मात्र गर्छु। रहमानले भन्यो- तिमीले मस्जिद जानैपर्छ। फेरि घिसारेर उनलाई मस्जिद पुऱ्यायो।

तैयब ठीकविपरीत थिए। मानिसले नसीबको बाटो बन्द गर्ने सोचे। तर यस्तो गर्दा तैयबको पनि बाटो बन्द हुन्थ्यो। मुसलमानहरूले तैयबलाई छुट्टै घर बनाउन सहयोग गरे। नसीबको बाटो बन्द गरियो। बिस्तारै-बिस्तारै उनका बच्चाहरू जवान भए। जेठो छोरो ससुराली गएर बस्यो। उसको स्वास्नी भन्थिन्- यस काफीरको घरमा बस्दिनँ। अन्य छोराहरू अरब गए, कमाए, आआफ्नो अलग घर बनाएर बसे। कान्छो छोराको सङ्ग्रामपुर भन्ने हिन्दू गाउँकी केटीसँग बिहे भएको थियो। उनले नसीबको सेवाटहल गरिन्। नसीब मानिसहरूलाई आशीर्वाद दिन्थे, जुन फलीभूत पनि हुन्थ्यो। थाहा छैन कि यो सुनेर वा कसरी मुस्लिम टोलाका एक सम्पन्न र मान्य व्यक्ति, जसको कुनै बच्चा थिएन, एक दिन आएर नसीबसँग आफ्नो दुःख पोखे र छोराको लागि आशीर्वाद मागे। नसीब अब बूढो र फकीरजस्तो भइसकेका थिए। नसीबले हाँसेर भने- तिमीलाई एउटा होइन, दुईटा आशीर्वाद दिन्छु : सन्तान पाउने र जन्नत पनि पाउने। गजब भयो। एक वर्षभित्र उनको घरमा छोरा भयो। उनले नसीबको बन्द बाटो खोल्न लगाए र चोकमा रहेको घरमा सिलाइको लागि सित्तैमा एउटा कोठा दिए।

एक दिन नसीबलाई ब्रेन स्ट्रोक भयो। उनको मुख टेढो र शरीरको दाहिने भाग कमजोर भयो। छोराले अस्पताल लैजान खोज्यो। उनी अस्पताल जान मानेनन्। शिवले यस्तो गर्न सक्दैनन्। मसँग कुनै गलती भयो कि भनेर उनी रातभरि ध्यानावस्थामा बसे। अर्को दिन चमत्कार भयो। उनी उठेर पसल पुगे। छोरा-बुहारी आश्चर्यले हेरेको हेर्‍यै भए। यस घटनाको धेरै दिन पछि एक दिन उनले छोरासँग भने- नश्वर शरीर हो। बूढो त भइ नै हालें। कतिसम्म यसलाई सम्हाल्न सक्छु। तिमीहरू ठूला भयौ। नातिनातिना पनि हेरिहालें। अब कुनै जिम्मेवारी रहेन। शिवबाबाले मलाई बोलाइरहेका छन्। त्यसै रात उनले प्राण त्याग गरे।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल

(स्वामी राधामाधव)

मुर्ली बगैंचा, वीरगंज

संसार तथा अध्यात्म दुवैमा सफलता पाउन चाहने मानिसले सबैभन्दा पहिले आफ्नो भित्री लक्ष्य प्राप्त गर्नु आवश्यक छ। पहिले आध्यात्मिक मानिस बनेपछि मात्र बाहिर हामी जे गर्छौं, त्यो उचित हुन्छ, सम्यक हुन्छ। अब गरेको कामले हामीलाई सफलता तथा सुफलता महसूस गराउनेछ, एउटा तृप्तिको महसूस गराउनेछ।

सन्तहरू भन्छन्- जीवित मरिए, भवजल तरिए। यो सन्तहरूको महत्त्वपूर्ण वचन हो। यो म को हुँ ? भनेर जान्ने विधि हो। यदि हामी केही क्षणको लागि भएपनि छैनौं जस्तो गरी यति रिल्याक्स, यति शान्तिपूर्ण, मृतवत् हुन सक्यौं भने त्यो क्षणमा हामी अहङ्कारविहीन हुन सक्छौं र स्वयंको आत्मा सत्ताको सीधासीधा प्रत्यक्ष महसूस गर्न सक्छौं। जब हामी क्रियाहरूमा संलग्न रहन्छौं, बाहिरको जगत्मा केही काममा व्यस्त रहन्छौं, तब हामीलाई आफ्नो आत्मा सत्ताको केही महसूस हुँदैन। तब हामीमा अहङ्कार उत्पन्न हुन्छ। यही अहङ्कार विहीन अवस्थालाई इशारा गर्दै सन्तहरू भन्छन्- जीवित मरिए, भवजल तरिए। यसमा त्यही मृत्युतर्फ इबारा गरिएको छ, जुन ध्यानमा, समाधिमा घटित हुन्छ। समाधिमा व्यक्तिको अहङ्कार विलीन हुन जान्छ।

ओशो भन्नुहुन्छ- मानिसले सत्य र स्वयंको बीचमा जसले सत्यलाई छान्छ, उसले सत्यलाई पनि प्राप्त गर्छ र स्वयंलाई पनि प्राप्त गर्छ। जसले स्वयंलाई चुन्छ, उसले दुवैलाई गुमाउँछ। मानिसले सत्य प्राप्त गर्नुभन्दा पूर्व स्वयंलाई विलीन गर्नुपर्छ। यो मूल्य नचुकाईकन सत्य प्राप्त गर्न सकिंदैन। स्वयंको मौजुद हुनु नै सत्य प्राप्तिको बाधा हो। स्वयं नै सत्यको पर्दा हो, स्वयंको दृष्टि नै अवरोध हो। जुन दृष्टिले 'म'को बिन्दुबाट विश्वलाई हेर्छ, उसले सत्य प्राप्त गर्न सक्दैन, परमात्मा प्राप्त गर्न सक्दैन। अहम् दृष्टिले भन्दा बाहेक अरू केही चीजले पनि मानिसलाई सत्यबाट पृथक गरेको छैन। मानिस म हुनु नै परमात्माबाट अलग्गिनु हो। 'म'को मृत्युले मात्र परमात्मा तल आउँछ र म गुमाउने बित्तिकै मानिस भागवत सत्तातिर माथि उठ्छ।

तर जुन कुरा हामी गुमाउने जस्तो देख्छौं, वास्तवमा त्यो गुमाउनु हैन पाउनु हो। स्वयंको जुन सत्ता गुमाउनु छ, त्यो वास्तवमा सत्ता नभै स्वप्न मात्र हो। त्यो स्वप्नरूपी सत्ता गुमाएर जुन सत्ता हामी प्राप्त गर्छौं, त्यही नै सत्य हो। बीउले जब जमीनभित्र स्वयंलाई बिल्कुल गुमाइदिन्छ, तब मात्र ऊ अङ्कुरित हुन्छ र वृक्ष बनेर खडा हुन्छ।

यदि बीउको दृष्टिले हेर्ने हो भने हामीलाई यस्तो लाग्छ कि बीउ मरेर गयो। तर अर्कोतर्फबाट हेर्ने हो भने बीउ अङ्कुरित भयो, बिस्तारैबिस्तारै ठूलो वृक्ष बन्यो। अब बीउको असली जीवनको सुरुआत भयो। ठीक यसैगरी हामीमाथि एउटा अहङ्कारको कवच लागेको छ। यो कवच शायद हाम्रो सुरक्षाको लागि नै हो। तर जबसम्म यो फुट्दैन, गल्दैन, तबसम्म हामीभित्रको वास्तविक सम्भावना भएको बीउ वास्तविक वृक्ष बन्न सक्दैन।

जसरी अन्डाको बाहिर एउटा कवच हुन्छ, तर जब त्यो कवच फुट्छ, तब मात्र चल्ला बाहिर आउँछ र वास्तविक पक्षीको विकास शुरू हुन्छ। त्यस्तै-त्यस्तै हामीबाहिर अहङ्कारको कवच रहेको हुन्छ। एउटा खास समयसम्म त्यो कवच हाम्रोलागि रक्षात्मक हुन्छ। तर केही समयपछि त्यही बाधा बन्न जान्छ। जीवित मरिए, भवजल तरिए अर्थात् एउटा निश्चित समयपछि बीज गल्नु, अन्डाको कवच फुट्नु नै अहङ्कारको मृत्यु हुनु हो।

क्रमशः

# साइनो

कविता



डा छायादत्त न्यौपाने 'बगर'

सम्पर्कः ९८५११५७१९३

पेशाः लेखन, सम्पादन तथा प्राध्यापन

साँच्चै बलियो छ नि !
आफू र आफन्त मोह
खै, कहाँ छ निर्मल मन ?

भोक मेट्ने पाखुरा
झोपडी ओढेर सुत्छ
निश्चिन्त निदाउन सक्छ !!

जिब्रो रे अपराधी
मल पसेको विवेक
धुर्त्याइँले धुत्यो मानव !

समान अवसर
सन्तुलित व्यवहार
इमानदार प्रशासन ?

अँध्यारै छन् झोपडी
देश लुछ्दै भ्रष्टहरू
जनता सधैंका भन्याङ ?

कर्म ठग भगुवा !
देशै खाने साइँदुवा !!
जुधिरहे साँढे लठुवा !!!

समान अवसर
सन्तुलित व्यवहार
इमानदार प्रशासन ?

म घर सल्काउँछु
छिमेकीले आगो ताप्छन्
तपाईं रमिता हेर्नुहोस् !!

# राजनीति हो कि लाजनीति !!

व्यङ्ग्य



बद्रीप्रसाद ढकाल

सम्पर्कः ९८५११९६४८६

पेशा : लेखन, सम्पादन तथा प्राध्यापन

राजनीति पनि केलाई मान्नु। कसको मान्नु, छोप्नुपर्ने कुरा देखाउनेलाई आजको परिभाषामा समय सन्दर्भ अनुसार लाजनीति मान्न थालिएको छ। प्राचीन अर्थमा देशको भलोका गरिने निस्स्वार्थ कर्म भए पो राजनीति मानिन्थ्यो। आजकल आफ्नै थलोको उन्नति र सन्तान दर सन्तानको सुभलोका लागि गरिने पेशा बनेको छ। आजको क्रियाकलापबाट लाजनीतिले नीति नियम र समाजले हेर्ने दृष्टिकोणभन्दा पनि लुच्चो र छुच्चो अझ इज्जत प्रतिष्ठा बुच्चो भएर कमाइने सम्पत्तिको मात्र मूल्य राख्छ। हाम्रो मुलुकमा राजनीति गर्नेले इमानदारिता, निष्ठा, स्वाभिमानको कुनै सरोकार राख्दैन। त्यसैले त राजनीतिको व्यापक अर्थ परिवर्तन भई लाज शरम नभएका, पचेकाहरूका झुन्ड जसले जनतालाई छक्याएर, झुक्याएर, अलिकति लोभ्याएर आफ्नो र आफ्ना आसेपासेको भुँडी भर्ने भराउनेको नीतिको रूपमा व्याख्या गर्छ। लाजनीति गर्ने नेताका रूपमा परिभाषित जो छ, ती वास्तवमैं निर्लज्ज हुन सक्नु तिनका महानतम् योग्यता हो। आजकल जो धेरै समय नालीमा रमाउन सक्छन्, तिनै नेता हुन् भन्छन्। साँच्चै नै राजनीति लाजनीति बनेको हो त ? भनौं भने पनि ठीकै छ। लाज शरम पचाएर आफ्नो भुँडी नचाएर, यस्तै विकासका बजेट भजाएर कार्यकर्ताको खेती गर्न थालिएको निकै भा कै हो। हुन पनि ठीकै हो। जनता भेडै हुन्। के ठीक के बेठीक हेर्दै नहेरी हाम फालिहाल्छन्।

लाज भन्ने कुरो नभएपछि पुगि गो। यो लाजनीतिमा न सिद्धान्त, न हुन्छ विचार, न आस्था, मात्र भुँडी भर्न पाए पनि पुगि गो। सजिलो छ यहाँ लाजनीति गर्न। बस मात्र आफू बेशरमी भए भैहाल्यो। जो जति तल गिर्न सक्छ, ऊ हाम्रालागि अब्बल कार्यकर्ता, नेता, अझ पटटटट बजिहाल्छ। दुई/चार जना बज्रस्वाँठ भुसतिघ्रे पछि लायो हिंड्यो। कामधाम नभएका पो अब्बल राजनीति उर्फ लाजनीति, देश दुह्यो खायो।



राष्ट्रिय नेता भनौं न। उसका लागि के इज्जत के बेइज्जत। अनि क्यै गर्दा पनि क्यै हुने भएन क्यार। दुई/चार बुंगा पछि लागेकै हुन्छन्। लुगा लगाए पनि ठीकै नलगाए पनि आखिर झुन्डकै आँखामा आफ्नै संसार। जसले कुरो गर्न सक्छ ठूलो झर्को सबै ठूला मान्दै उतैतिर फर्क्यो, उसैसँग मान्छेको लर्को। मात्र ठूल्ठूलोमा स्वरमा धित मर्ने गरी गाली गर्न सक्ने ल्याकत चाहिं राख्नुपर्छ। सत्तोसराप गरी कराए भैगो ताली

प्रजातान्त्रिक पद्धतिको बेइज्जत २१औं शताब्दीमा भोकमाथिको राजनीति गजबको सामन्तीपन। अनि भित्री विचार चाहिं मैं खाउँ मैं लाउँ सुख अरूको के को मतलब। फेरि खान पनि केही नछोड्ने। जे खाए पनि कहिले भुँडी नभरिने ? यही भुँडीले नै गर्दा त होला नि कहिल्यै देश उँभो नलागेको। अस्ति एउटा पटकपटक कालो पोतिएको स्वच्छ छवि भएको नेताले भन्दै थियो परजातन्त्रको परिभाषा जनतामाथि थिचोमिचो नै हो रे। त्यसो नगरे त सबैको अगाडि जान्ने सुन्ने बन्न पनि सबै कुकर्म गर्नै पर्‍यो रे। जनता भनेको जति जे गरे पनि क्यै नभनी ताँती लाग्ने जन्तु पो रै छन्। यसो चुनाउको बेला दुई छाक खान दियो कि उसकै कुरा मान्छन्, लाज पचाएर बोल्न हुने कुरो पनि बोलेका छन्। भोटकै लागि पाउ मोलेकै छन्, अरूलाई मान्छे नगने पनि दिन त यस्तैहरूकै छ नि लाजनीतिमा।

अर्को बडो गजबको कुरा लाजनीतिमा विचार हुन्न। अनि वर्ग शत्रु पनि कोही हुन्न। मिलेर लुछ्न पाए जता पनि ढल्कन मिल्ने, जतिसुकै पल्किन मिल्ने, जसरी पनि देश लुट्ने नै हो। त्यस्तै, झुक्याउने कलाले पोख्त, जे पनि गर्न पछि नपर्ने, जे पनि बोल्ने, मपाईंत्वको व्याख्या गर्न सक्ने बेइज्जतदार नै नेताको लागि योग्य हुन्छ भन्ने सन्दर्भगत अर्थ लगाइसके, आजकलका युवाहरूले पनि। विचारको अपमान गरेर अविवेकी झुन्डलाई प्रयोग गर्ने खेल नै लाजनीति हो रे। कुरो एउटा काम अर्कै गर्न सक्ने सीपवान् व्यक्ति पनि नेता नै हो। हिजोआज त असल निष्ठावान्भन्दा पनि धेरै कुरामा आलोचित भएको, नराम्रा आचरण

(बाँकी पाँचौं पातामा)

## अन्तर्राष्ट्रिय समाचार

# फिलिपिन्समा 'ट्रामी'का कारण ४६ जनाको मृत्यु, २० बेपत्ता



उष्ण कटिबन्धीय आँधी 'ट्रामी' आँधीपछि आएको बाढीमा उद्धार कार्यमा खट्दै उद्धारकर्मी । तस्वीरः एजेन्सी

मनिला, ९ कात्तिक/सिन्हवा

यस हप्ता फिलिपिन्समा आएको उष्णकटिबन्धीय आँधी 'ट्रामी'बाट मृत्यु हुनेको सङ्ख्या ४६ पुगेको छ भने कम्तीमा २० जना अझै बेपत्ता रहेको अधिकारीहरूले शुक्रवार बताएका छन् ।

नागरिक रक्षा प्रशासकको कार्यालय 'एरियल नेपोमुसेनो'ले एउटा प्रतिवेदनमार्फत देशभरका नौ क्षेत्रबाट ट्रामीसँग सम्बन्धित मृत्युको खबर आएको जनाएको छ ।

आँधीको प्रभाव झेल्ने मनिलाको दक्षिणपूर्वी क्षेत्र बिकोलमा २८ जनाको मृत्यु भएको र क्यालावारजोन क्षेत्रमा १५ जनाको मृत्यु भएको जनाइएको छ । मध्य र दक्षिणी फिलिपिन्सका अन्य क्षेत्रबाट पनि ट्रामी सम्बन्धित मृत्युको खबर प्राप्त भएको छ ।

यस वर्ष फिलिपिन्समा आएको ११औं टाइफुन ट्रामीले मुख्य लुजन टापुमा प्रहार गरी बिकोल र क्यालावारजोन क्षेत्रमा विनाशकारी बाढी र पहिरो निम्त्याएको हो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्ले दक्षिणपूर्वी एशियाली देशको कम्तीमा १५ क्षेत्रका २६ लाखभन्दा बढी मानिस आँधीबाट प्रभावित भएको बताएको छ ।

राज्य मौसम ब्युरोले शुक्रवार दिउँसो वा साँझमा ट्रामी फिलिपिन्सबाट बाहिर निस्कने पूर्वानुमान गरेको छ ।

फिलिपिन्समा वार्षिक औसत २० वटा टाइफुन आउने गर्छ । रासस

# इन्डोनेशियाबाट १५० भन्दा बढी रोहिंग्या शरणार्थीको उद्धार -राष्ट्रसङ्घ

इन्डोनेशिया, ९ कात्तिक/एएफपी

इन्डोनेशियाबाट अधिकांश महिला तथा बालबालिकासहित १५० जनाभन्दा बढी रोहिंग्या शरणार्थीको उद्धार गरिएको संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीले शुक्रवार जनाएको छ । एजेन्सीका अनुसार उनीहरू चढेको डुङ्गा समुद्रमा केही दिनदेखि फसेको अवस्थामा उनीहरूको उद्धार गरिएको हो ।

मुस्लिम समुदायनिकट रोहिंग्याहरू म्यानमामा पीडित भएकाले हरेक वर्ष हजारौंको सङ्ख्यामा मलेशिया, इन्डोनेशियालगायतका देशमा पुग्नका लागि खतरापूर्ण समुद्री यात्रा गर्ने गर्छन् ।

करीब १५२ जना यात्री बोकेको डुङ्गा दक्षिण आचेह जिल्लाको तटबाट एक माइल टाढा केही दिनसम्म रोकिएको थियो । केही दिनपछि अधिकारीहरूले उनीहरूलाई अवतरण गर्न दिने निर्णय गरेसँगै अन्ततः बिहीवार दिउँसो उनीहरूलाई किनारामा ल्याइएको हो ।

मानवजीवन बचाउने प्रयासस्वरूप शरणार्थीहरूलाई अवतरण अनुमति दिएकोमा युएनएचसिआर अधिकारी र स्थानीय समुदायलाई युएनएचसिआरका फैसल रहमानले धन्यवाद दिएका छन् । उनका अनुसार शरणार्थीहरूमध्येका धेरैजना कमजोर महिला तथा बालबालिका थिए, जो मानव बेचबिखनको शिकार भएका थिए ।

इन्डोनेशिया राष्ट्रसङ्घीय शरणार्थी महासन्धिको हस्ताक्षरकर्ता नभएकोले म्यानमाबाट शरणार्थीहरू लिन बाध्य नभए पनि छिमेकी देशहरूको बोझ बाँड्न र किनारामा आइपुगेका रोहिंग्याहरूलाई पुनर्स्थापित गरी मानवीयता रक्षा गर्न आह्वान गरिएको छ । रासस

# इजरायली आक्रमणमा तीनजना पत्रकारको मृत्यु

बेरुत (लेबनान), ९ कात्तिक/एएफपी

पूर्वी लेबनानमा भएको इजरायली आक्रमणमा तीनजना पत्रकारको मृत्यु हुनुका साथै बेरुतको दक्षिणी उपनगरका भवनहरूमा भौतिक क्षति भएको लेबनानको राष्ट्रिय सञ्चारमाध्यमले शुक्रवार जनाएको छ ।

लेबनानको आधिकारिक राष्ट्रिय समाचार एजेन्सी (एनएनए)ले हसबायामा भएको उक्त घटनाको रिपोर्ट गरेको थियो । रिपोर्टका अनुसार इजरायलले सिरियाली सीमानजीकै शुक्रवार बिहान ३:३० मा आक्रमण गरेको थियो ।

एनएनएका अनुसार बेरुतको दक्षिणी चौइफत अल-अमरोसिह क्षेत्रमा इजरायली हमलाले दुईवटा भवन क्षतिग्रस्त बनाएको थियो । सेन्ट थेरेस क्षेत्रलाई लक्षित गरी गरिएको आक्रमणमा संवैधानिक परिषद्नजीकैका दुईवटा भवनसमेत ढलेको जनाइएको छ ।

इजरायली सेनाका अरबी भाषाका प्रवक्ता अविचे अद्राईले सामाजिक सञ्जाल एक्समार्फत निकासी चेतावनी जारी गरेपछि बेरुतको दक्षिणमा आक्रमण भएको एनएनएले रिपोर्ट गरेको छ ।

एएफपिटिभीको फुटेजमा आक्रमणपछि बेरुतको दक्षिणबाट धूवाँको मुस्लो उठेको देखाइएको छ ।

केही समय अघि दक्षिण बेरुतको चौइफत क्षेत्रमा नयाँ आक्रमण शुरू गरेको इजरायलले बिस्तारै हारेत ह्रिक र हदथलाई पनि लक्षित गरी आक्रमण शुरू गरेको छ । रासस

बुधवारको इजरायली आक्रमणले दक्षिण बेरुतमा छ वटा भवनहरू क्षेतिग्रस्त राष्ट्रिय सञ्चार माध्याम तथा र एएफपी फुटेजले देखाएको थियो भने इजरायली सेनाले हिजबुल्लाह हतियार उत्पादन केन्द्र भित्र आक्रमण गरेको जनाएको छ ।

सेप्टेम्बर-२३ मा, इजरायलले लेबनानमा तीव्र आक्रमण शुरू गरे पछि गाजा युद्धलाई लिएर इरान समर्थित हिजबुल्लाहसँग सीमापार झडपपछि स्थलगत आक्रमणको घोषणा गरेको छ ।

पत्रकार संरक्षण समितिले सन् २०२३ अक्टोबरमा इजरायल-हमास युद्ध शुरू भएदेखि गाजा, वेस्ट ब्याक्त, इजरायल र लेबनानमा कम्तिमा १२८ पत्रकारहरूको मृत्यु भएको जनाएको छ ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



कमला नदी: धनुषा र सिराहाको बीच भागबाट बग्ने कमला नदी र चुरे पहाड । तस्बिर: अरुणकुमार यादव/रासस

# चाँदीको गहनासहित रौतहटबाट भारतीय नागरिक पक्राउ

रौतहट, ९ कात्तिक/रासस

मोटरसाइकल प्रयोग गरी अवैध कारोबारमा संलग्न भारतीय नागरिकलाई प्रहरीले शुक्रवार पक्राउ गरेको छ ।

भारत, बिहार प्रदेश, सीतामढी जिल्ला, असोगी टोलका ६२ वर्षीय चन्देश्वर साह सोनार करीब आठ किलो चाँदीका गहनासहित पक्राउ परेको रौतहट प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिए ।

विआर३०एफ६६३५ नम्बरको मोटरसाइकलमा सीमापारि बैरगनियाबाट नेपालतर्फ आउँदै गरेका साह गौर भन्सार कार्यालयअगाडि पक्राउ परेको प्रहरीले जनाएको छ ।

मोटरसाइकलको टङ्कीमुनि प्लास्टिकमा लुकाइछिपाइ ल्याउँदै गरेको अवस्थामा प्रहरीले शङ्का लागि जाँच गर्दा पक्राउ परेका साहलाई निजले प्रयोग गरेको मोटरसाइकल, बरामद गरिएको गहनासहित सार्वजनिक गरिएको छ ।



जिल्लास्थित बङ्कुल, गौर, रामपुरखाप, अरौया, बञ्जराहा, जयनगर र मटियास्थित सीमावर्ती क्षेत्रका सुरक्षाकर्मी एवं भन्सार कर्मचारीलाई छलेर तस्करी हुने गरेको छ ।

### लोकनृत्य ...

समुदायको घाटुझोला, देउसी, भैलो, मारुनीलगायत नृत्य प्रदर्शन गरिएको थियो ।

प्याब्सनसँग आबद्ध २३ वटा विद्यालय सहभागी प्रतियोगितामा प्याब्सन पर्साका अध्यक्ष पुरन प्रधान एवं नगर अध्यक्ष आलोक चौरसियाको सभापतित्व रहेको थियो भने वीरगंज महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, प्याब्सनका केन्द्रीय महासचिव आरबी कटुवाल, वीरगंज महानगरपालिका शिक्षा समिति सदस्य ईश्वरचन्द्र यादवलगायत सहभागी थिए ।

### वीरगंज नाका ...

त्यस्तै, चालू आवको तीन महीनाको अवधिमा पिकअप तथा डेलिभरी भ्यानको आयात पनि खस्किएको छ । चालू आवको तीन महीनाको अवधिमा नौ करोड ७५ लाख तीन हजार मूल्य पर्ने ६८ वटा पिकअप तथा डेलिभरी भ्यान आयात भएका छन् । जबकि गत आवको तीन महीनाको तुलनामा चालू आवको सोही अवधिमा भने पिकअप तथा डेलिभरी भ्यानको आयात ६३ दशमलव ६४ प्रतिशतले घटेको छ । जबकि गत आवको सोही अवधिमा भने १४ करोड १५ लाख मूल्य पर्ने १३२ वटा पिकअप तथा डेलिभरी भ्यानको आयात भएको थियो ।

### ओशो ...

अहिंसाको विचार केवल दमनको एक रूप हो । हिंसालाई दमन गर्नु झन् ठूलो हिंसा हो र यसले झन् ठूलो आक्रोशको निर्माण गर्छ । भारत जस्तो देशमा जहाँ गाँधीजीलाई राष्ट्रपिता मानिन्छ, यो विचार सार्है नै आपत्तिजनक छ ।

– म गरीबको भक्तिमा विश्वास गर्नै सक्दिनँ किनकि भौतिक सम्पन्नता आध्यात्मिक उन्नतिलाई एकै साथ लिएर जान सकिन्छ ।

– मृत्यु सबैभन्दा ठूलो उत्सव हो, किनकि मृत्यु नै जीवनको सबैभन्दा गहिरो सत्य हो । यसलाई अँगालो हाल्न जान्नुपर्छ, न कि यसबाट भाग्न ।

बुद्ध, महावीर, गुरु नानकलाई यदि कसैले बुझेका थिए भने ती ओशो नै थिए । यिनीहरूले समाजलाई दिएका ज्ञान अतुलनीय छ भनी ओशोले व्याख्या गरेका छन् । अझ बुद्ध त ओशोको प्रेरणाको स्रोत नै हुन् भन्दा अतिशयोक्ति नहोला । उनी नै हुन्, जसले बुद्धलाई धार्मिक होइन वैज्ञानिक भनेका थिए, त्यस बेलाका । ओशोले बुद्धका बारेमा गरेको मन्थनलाई अर्को आलेखमार्फत पाठकमाझ ल्याउनेछु ।

ओशोको बुद्धिमता र उनको विचारधाराले उनलाई २०औं शताब्दीको सबैभन्दा विवादास्पद र प्रभावशाली दार्शनिक बनाइदियो । अझ उनी मरेपछि उनको यश झनै बढ्दै गयो । ओशो आज हिजोभन्दा धेरै लोकप्रिय छन् किनकि उनले दिएको शिक्षा र विचार आधुनिक जीवनको जटिलता र चुनौतीबीच ज्यादै ठूलो सामञ्जस्यता देखिन्छ । उनले दिएका सन्देश जस्तै व्यक्तिगत स्वतन्त्रता, आत्मिक मुक्ति, ध्यान र समाजमा विद्यमान पारम्परिक संरचनालाई चुनौती दिनु चानचुने कुरा थिएन । जुन आज पनि प्रासाङ्गिक छ ।

ओशोको लोकप्रियता आज पनि यो कारणले तार्किक लाग्छ कि उनले दिएका प्रवचन आज पनि अहिलेकै आवश्यकता जस्तो प्रतीत हुन्छ । उनको त्यस बेलाका वाणीले आधुनिक समाजको प्रश्न र समस्याहरूको सटीक जवाफ दिन्छ । उनले दिएको शिक्षाले जीवनलाई एक अलग दृष्टिकोण दिंदै जीवनलाई आफैंले गहिरोसँग बुझ्नलाई मार्ग प्रदान गर्छ । जुन आजपर्यन्त प्रासाङ्गिक लाग्छ । उनको त्यही दृष्टिकोणले उनलाई एक अद्भुत व्यक्तिको रूपमा आज संसारले चिन्छ ।

### राजनीति हो ...

नेतामा हुनु नै अनिवार्य गुण हो । अमानव, असामाजिक, अव्यावहारिक जस्ता विशेषता नेतामा देखिएकै छन् क्यारे ।

विगतलाई भुल्ने, दुर्नियतमा डुल्ने, जे पनि हुल्ने र स्वार्थमा भुल्ने जस्ता चरित्र नेताका समान व्यवहार हुन् । आश्वासनको चटनी बाँड्ने, मिलेकालाई भाँड्ने, विरोध गर्नेलाई गाड्ने र जता पनि चाट्ने नेताका प्रमुख कार्य हुन् । खुट्टा तान्ने खेलमा पोख्त नभई नेता भइन्न । अनि बाँदरको एउटा विचित्रको गुण आफ्नो पनि नबनाउने र अरूको पनि भत्काउने चरित्र नेता हुन चाहिन्छ । कुरो काट्ने कलाले पोख्त । तलुवा चाट्ने असल प्रवृत्ति तथा ईर्ष्याद्वारा जलन भई चरित्र हत्या गर्ने खुबी यो लाजनीतिका नेतामा मात्र हुन्छ ।

लाजनीतिमा बेशरमको ठूलो भूमिका छ । नालीमा मुन्टो गाडेर अर्काको सत्तोसराप गर्नु ठूलो हुनका लागि गरिने बुद्धिमतापूर्ण कार्य हो । लाजनीतिमा सबै चल्छ, सबै जायज हुन्छ ।

बस एकचोटि मुखबाट ब्याइदिए पुगिगो । जडचाहा र नेता समानभन्दा पनि जाँडकै बेइज्जत हुन्छ । लोकतन्त्र, गणतन्त्र, प्रजातन्त्रको जति नाम फेरिए पनि परजाबाट लोक, लोकबाट गण भएपनि क्यै फेरिएन, क्यै लागेन, लाजनीति मौलाएको छ, नेता मगज खुस्किएर बौलाएका छन् । देश झन्झन् गरीब र समस्यामा तर नेता र लाजनीति फापेको फाप्यै । अनि विचार सिद्धान्त त के भन्नु । क्षणमैं एउटा कुरा बक्छन्, क्षणमैं अर्को कुरो भुक्छन् । त्यसैले त होला जति गरे पनि क्यै नभनी ताँती लाग्ने जनता निदाका निदाइ छन् । नेतालाई खबरदारी गर्न झन्झन् टुक्रिएका पो छन् त । देशमा नागरिक कम कार्यकर्ता धेरै भए कि क्या हो ?

**वीरगंज महानगरपालिकाको सूचना**

प्रस्तुत विषयमा वीरगंज महानगरपालिका वडा नं ९ मा सञ्चालित श्री बाबा इङ्लिश बोर्डिङ स्कूलको नाम परिवर्तन सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयको च.नं. २७७४२/२०८०/८१ मिति २०८०/८/२६ गतेको पत्र अनुसार परिवर्तन भई आएको तथा उक्त विद्यालयको चनं ६८४/२०८०/८१ मिति २०८१/२/१७ को पत्रबाट तपसिल अनुसारको नाम परिवर्तन गरी पाउँ भनी सम्बन्धित वडा कार्यालयको सिफारिशसहित निवेदन दिएकोमा यस कार्यालयको मिति २०८१/७/८ को निर्णय अनुसार हकदाबीसम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| साबिक विद्यालयको नाम | ठेगाना | हाल परिवर्तित विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| बाबा इङ्लिश बोर्डिङ स्कूल | वीरगंज-९, पर्सा | ब्राइट पब्लिक स्कूल | वीरगंज-९, पर्सा |

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | वाहनकष्ट | वृष | विजय |
| मिथुन | धनखति | कर्कट | अन्नलाभ |
| सिंह | अलमल | कन्या | मनोरञ्जन |
| तुला | कर्मप्राप्ति | वृश्चिक | राज्यभय |
| धनु | वादविवाद | मकर | यात्रालाभ |
| कुम्भ | शत्रुभय | मीन | खिन्नता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# १४ किलो चाँदीको गहनासहित बाराबाट दुईजना पक्राउ

प्रस, वीरगंज, ९ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, बाराले १४ किलो चाँदीका गहनासहित दुईजनालाई शुक्रवार पक्राउ गरेको जनाएको छ।

इलाका प्रहरी कार्यालय, अमलेखगंजका प्रहरी वरिष्ठ नायब निरीक्षक त्रिभुवनलाल साह नेतृत्वको टोलीले जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगंजमा चेकजाँचको क्रममा प्रसौनी गाउँपालिका–६ प्रस्टोका बस्ने ३३ वर्षीय सन्तोष साह सोनार र जीतपुरसिमरा उमनपा–८ गमरगावाँटोल बस्ने २७ वर्षीय सुरेश महतोलाई चाँदीका गहनासहित पक्राउ गरेको जनाएको छ।


तस्वीरः सौजन्य

पथलैयाबाट हेटौंडा जाँदै गरेको ना.५२प २५८४ र ना.५५प ३९३२ नम्बरका मोटरसाइकलको पेट्रोल ट्ङ्कीभित्र फल्स बटम बनाइ चाँदीका गहना लगिरहेको अवस्थामा पक्राउ गरिएको जिप्रका, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए। सोनारको मोटरसाइकलबाट रु १६ लाख १० हजार ३२५ मूल्य बराबरका नौ किलो चाँदीका गहना र महतोको मोटरसाइकलबाट आठ लाख ९४ हजार ६२५ मूल्य बराबरका पाँच किलो चाँदीका गहनासहित २५ लाख मूल्य बराबरका १४ किलो चाँदीका गहना बरामद भएको प्रवक्ता सापकोटाले जानकारी गराए।

# दीप नेपालद्वारा ३४ जना विद्यार्थीलाई पोशाक वितरण

चिरञ्जीवी सापकोटा, ठोरी, ९ कात्तिक/

दीप नेपाल संस्थाले ठोरी गापा–४ स्थित नेराआवि, निर्मलबस्तीका ३४ जना असहाय तथा विपन्न बालबालिकालाई विद्यालय पोशाक तथा जुत्ता वितरण गरेको छ। शुक्रवार विद्यालयमा आयोजित कार्यक्रममा असहाय तथा विपन्न परिवारका ३४ जना विद्यार्थीलाई पोशाक तथा जुत्ता प्रदान गरिएको प्रधानाध्यापक गोपीलाल श्रेष्ठले जानकारी दिए।


तस्वीरः प्रतीक

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुब्बालाल दोडको सभापतित्वमा भएको कार्यक्रममा ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले दीप नेपाललाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्ता प्रोत्साहनमूलक कार्यक्रम गर्न आग्रह गरे।

कार्यक्रममा दीप नेपालका अध्यक्ष अध्यक्ष श्रेष्ठले ठोरीमा शिक्षालाई निशुल्क गरिएको र शिक्षा क्षेत्र सुधारका अनेक प्रयासहरू भइरहेको बताउँदै आगामी केही वर्षभित्र ठोरीको शिक्षामा आमूल परिवर्तन आउने विश्वास व्यक्त गरे।

विष्णु सापकोटाले संस्थाको उद्देश्यबारे जानकारी गराएका थिए। कार्यक्रममा वडाध्यक्ष मानबहादुर थिङले पनि मन्तव्य राखेका थिए।

कार्यक्रममा प्रअ श्रेष्ठले स्वागत मन्तव्य दिएका थिए भने सहजीकरण शिक्षक आशाकाजी गोलेले गरेका थिए।

# अपाङ्गलाई उपकार सेवाद्वारा ह्वीलचेयर सहयोग

प्रस, वीरगंज, ९ कात्तिक/

उपकार सेवा नेपालले शुक्रवार एकजना अपाङ्गलाई ह्वीलचेयर सहयोग गरेको छ।

लामो समयदेखि शारीरिकरूपले पूर्ण अपाङ्गता भएका वीरगंज–१६ नगवा नयाँबस्ती बस्ने २० वर्षीय युवकलाई संस्थाकी अध्यक्ष विद्याकुमारी सरावगीले घरमै पुगेर ह्वीलचेयर हस्तान्तरण गरेकी थिइन्।

कार्यक्रममा सामाजिक अभियन्ता प्रकाश थारूलगायतको सहभागिता थियो।



तस्वीरः सौजन्य

संस्थाकी अध्यक्ष सरावगीले शारीरिकरूपमा अशक्त व्यक्तिहरूलाई ह्वीलचेयरलगायत अन्य कुनै किसिमको सहयोग चाहिएमा उपकार सेवा नेपालको कार्यालयमा सम्पर्क गर्न आग्रह गरेकी छन्।






# खेलकूदको संसार

## फाइनलमा विन्ध्यवासिनी र पोखरिया भिड्ने

प्रस, पोखरिया, ९ कात्तिक/

सखुवाप्रसौनी युवा समाजद्वारा आयोजित सखुवाप्रसौनी क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार भएको दोस्रो तथा अन्तिम सेमिफाइनल खेलमा छिपहरमाईलाई ७३ रनको फराकिलो अन्तरले पराजित गर्दै विन्ध्यवासिनी फाइनलमा पुगेको छ।

टस जितेर पहिले ब्याटिङ गरेको विन्ध्यवासिनीले निर्धारित २० ओभरमा सबै विकेट गुमाएर १५६ रन बनाएको थियो। प्रतिउत्तरमा १५७ रनको विजय लक्ष्य पाएको छिपहरमाई २० ओभरमा सात विकेट गुमाएर ८३ रनमै सीमित भयो।

आजको खेलमा चार ओभरमा १३ रन दिएर तीन विकेट लिएका विन्ध्यवासिनीका रामस्नेही साह 'म्यान अफ दी म्यान' घोषित भए।

प्रतियोगिताको फाइनल खेल भोलि शनिवार हुने र हिजोको विजेता पोखरिया र आजको विजेता विन्ध्यवासिनीबीच उपाधिको लागि प्रतिस्पर्धा हुने आयोजक कमिटीका सचिव सरोज पटेलले बताए।



# सत्मार्ग फाउन्डेशनद्वारा रक्तदान कार्यक्रम सम्पन्न

प्रस, वीरगंज ९ कात्तिक/

सत्मार्ग फाउन्डेशनले आयोजना गरेको खुला रक्तदान कार्यक्रममा १६ जनाले रक्तदान गरेका छन्।

शुक्रवार वीरगंजको घण्टाघरमा आयोजित रक्तदान कार्यक्रममा अरशद अन्सारी, मनोजकुमार चौहान, सुमन कुर्मी, मिराज मियाँ, अरुणकुमार साह, सोनम कार्की, दीपु सिंह, वीर माथेमा, राहुलप्रसाद यादव, बाबिर माथेमा, बुनिलालप्रसाद पटेल, रिवाज हवारी, मृत्युञ्जय ठाकुर, डोलेन्द्रप्रसाद यादव, विवेक पासवानलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डेयले बताएका छन्।


तस्वीरः सौजन्य

# सहकारीले किसानहरूको जीवनस्तर उकास्नुपर्छ –नगरप्रमुख पाठक

नरेश यादव, पर्सागढी, ९ कात्तिक/

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले पर्सागढीमा रहेका सहकारी संस्थाहरूले किसानहरूको जीवनस्तर उकास्ने गरी काम गर्नुपर्ने बताएका छन्।

'आजको आवश्यकता कृषिको आधुनिकीकरण' नाराका साथ पर्सागढी नगरपालिका–३ स्थित सुनाखरी कृषि सहकारी संस्था लिमिटेडको ११औँ साधारणसभामा उनले किसानहरूको आर्थिक अवस्था सुधारमा ध्यान दिनुपर्ने बताए। उनले सहकारी संस्थाहरूलाई नकारात्मक सोच लिएर काम नगर्न आग्रह गरे। उनले पर्सागढीमा रहेका सहकारीहरूले व्यवस्थित भएर कारोबार गर्न सुझाव दिए।



तस्वीरः प्रतीक

कार्यक्रममा लेखा प्रमुख उद्धव उप्रेतीले आय–व्यय विवरण प्रस्तुत गरेका थिए।

संस्थाकी अध्यक्ष सरस्वती भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख पूजा चौधरी, पशु शाखा प्रमुख पुष्पेन्द्र साहलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत टीका श्रेष्ठ र सहजीकरण अर्जुन नेपालले गरेका थिए।

# लायन्स क्लबद्वारा चित्रकला प्रदर्शनी


तस्वीरः सौजन्य

प्रस, वीरगंज ९ कात्तिक/

लायन्स क्लब अफ वीरगंज संस्कृति गोल्डले वीरगंजमा दुई दिने चित्रकला प्रदर्शनीको शुरू गरेको छ। शुक्रवार नगरप्रमुख राजेशमान सिंहले चित्रकला प्रदर्शनीको उद्घाटन गरेका थिए।

कार्यक्रममा विभिन्न विद्यालय र कलेजका विद्यार्थी एवं चित्रकारहरूले बनाएका करीब सयवटा फोटो प्रदर्शनीमा राखिएका छन्।

लायन्स क्लब अफ वीरगंज संस्कृति गोल्डकी अध्यक्ष रितिका जायसवालको अध्यक्षतामा भएको कार्यक्रममा भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत देवी सहाय मीणा, वीरगंज उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष अशोक बैद, राजनारायण जैसवाल, रमेश अग्रवाल, डिएन अग्रवाललगायतको सहभागिता थियो।


## दीपावली गर्दा सतर्क रहौं

**दीपावलीको समयमाः**

- मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ, त्यसबाट बच्न:
- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजीक नराखौं,
- बालबालिकाले भेट्ने गरी दियो, मैनबत्तीलगायतका प्रज्वलनशील पदार्थ नराखौं,
- पर्दा वा झ्याल ढोकानजीकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौं,
- मैनबत्ती, दियो बालिसकेपछि ननिभेसम्म निगरानी गरौं,
- धेरै विद्युतीय बत्तीको प्रयोग गर्दा ओभरलोडका कारण विद्युत् सर्ट भई आगलागी हुन सक्छ,
- एक्सटेन्सन प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं, आगजनीबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | वैज्ञानिक समाजवादी क.पा. नेपाल | गोष्ठी | मधेस विश्वविद्यालय | १२:३० |